# लेखापरीक्षण प्रतिवेदन

# सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/51

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सिदिङ्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.४ करोड ६१ लाख ६२ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.७ लाख २७ हजार समेतगरी रू.४ करोड ६८ लाख ८९ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु.८१ करोड ६५ लाख २४ हजार लेखापरीक्षण गरिएकोमा रु.३ करोड १० लाख ५० हजार (३.८० प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.८३ लाख १७ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १९ लाख १८ हजार र पेस्की बाँकी रु.१ लाख ७५ हजार रहेको छ । गत वर्षसम्म रु.७ करोड १६ लाख ३३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड १६ लाख ५५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने सिदिङ्वा गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सिदिङ्वा गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योँट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८३ | १३८ | ३१०५००९४ | ० | ६४ | ८३१७३८३ | १५४८१ | ८३ | ७४ | २२७४८१९२ | ३९१०८१ | १०२६४४१९ | ११९१७६९२ | ० | ० | २२१८२१११ | १७५००० |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योँट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ७१६३३००० | ० | २७२६००० | ६८९०७००० | ० | २२७४८१९२ | ९१६५५१९२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५६ | लघु उद्यम विकास कार्यक्रमतर्फ विभिन्न असुली तथा प्रमाण पेस | ३५२९८८ |
| २ | २०८०/८१ | ५७ | घटी कर कट्टा गरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेस | ६१९०७ |
| ३ | २०८०/८१ | ६२ | कार्यसम्पन्न र अनुगमन प्रतिवेदनको प्रमाण पेस | ६५३२०० |
| ४ | २०८०/८१ | ६५ | अतिरिक्त समय खाजा खर्च असुल गरी दाखिला गरेको प्रमाण पेस | २२९५ |
| ५ | २०८०/८१ | ६६ | घटी कर कट्टा गरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेस | १०२२ |
| ६ | २०८०/८१ | ६७ | प्रमाण पेस | २४३५०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ६८ | बढी भुक्तानी रकम असुल गरी दाखिला गरेको प्रमाण पेस | ७८४७७ |
| ८ | २०८०/८१ | ६९ | भ्रमणको अवधिको स्थानीय भत्ता असुल गरी दाखिला गरेको प्रमाण पेस | १२०३६ |
| ९ | २०८०/८१ | ७० | असुल गरी दाखिला गरेको प्रमाण पेस | २२८०० |
| १० | २०८०/८१ | ७१ | प्रमाण पेस | १२००००० |
| ११ | २०८०/८१ | ७३ | असुल गरी दाखिला गरेको प्रमाण पेस | २७७२० |
| १२ | २०८०/८१ | ७५ | बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेस | १९३०० |
| १३ | २०८०/८१ | ७७ | अनुगमन प्रतिवेदन पेस | ७२०००० |
| १४ | २०८०/८१ | ७८ | प्रमाण पेस | ५१०० |
| १५ | २०८०/८१ | ८० | सम्झौताभन्दा बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेस | १९१९१७ |
| १६ | २०८०/८१ | ८३ | प्रमाण पेस | १५७१८३ |
| १७ | २०८०/८१ | ८५ | मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेस | ७६९०४३ |
| १८ | २०८०/८१ | ९० | जिन्सी दाखिलाको प्रमाण पेस | १२०७८०० |
| १९ | २०८०/८१ | ९१ | प्रमाण पेस | १८९३२४३ |
| २० | २०८०/८१ | ९९ | असुल गरी दाखिला गरेको प्रमाण पेस | १८५७७० |
| २१ | २०८०/८१ | १०० | बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेस | १०७६४ |
| २२ | २०८०/८१ | १०१ | बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेस | १००० |
| २३ | २०८०/८१ | १०२.१ | बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेस | ४९३९१८ |
| २४ | २०८०/८१ | १०५.२ | सामाजिक सुरक्षा असुल गरी दाखिला गरेको प्रमाण पेस | ६४०० |
| **प्रतिक्रियाबाट फर्स्यौट भएको जम्मा** | | | | **८३१७३८३** |
| १ | २०७९/८० | ६९ | कार्यसम्पादन जमानत | २७२६००० |
| **सम्परीक्षणबाट फर्स्यौट भएको जम्मा** | | | | **२७२६०००** |
| **कुल जम्मा** | | | | **११०४३३८३** |

# (८०१०१५०७३०० - सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ )

# परिचय

१

**(क) सिदिङ्वा गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ७, सभा सदस्य ३९, क्षेत्रफल २०६ वर्ग कि.मी. र जनसंख्या १२ हजार ९९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०७ देखि २०८१।०६।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय – व्ययतर्फ रु.८१,६५,२३,१६५।१४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,६०,८२६।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | स्रेस्ता परीक्षणको क्रममा बढी तथा दोहोरो भुक्तानी असुली | १५८६६० |
| २ | मस्यौदा प्रतिवेदन पश्चात विभिन्न बढी भुक्तानी असुली | १०२१६६ |
| **जम्मा** | | **२६०८२६** |

२ **प्राप्ति भुक्तानी हिसाब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सिदिङ्वा गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| क्र.स./ आर्थिक सङ्केत विवरण | | चालु आर्थिक वर्षको कारोबार | गत आर्थिक वर्षको कारोबार |
|---|---|---|---|
| | | जम्मा | जम्मा |
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | |
| ११००० | कर | ६४८८१७५४.४४ | १९८१०९०६.९५ |
| १३००० | अनुदान | २६९२७५२७५.६० | ३००९८१२९७.३७ |
| १४००० | अन्य राजस्व | २६११३२३.६६ | २४२९०४९.६३ |
| १५००० | विविध प्राप्ति | ११७९४९.०० | ०.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **३३६८८६३०२.७०** | **३२३२२१२५३.९५** |
| **३** | **चालु** | **२५६५९०३६८.९५** | **२४५५२१८१७.१०** |
| २१००० | पारिश्रमिक / सुविधा | ८४९००९२८.५९ | १३२७३६७८९.९९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६६८९७४२०.४२ | ८२७३१५९९.९७ |
| २५००० | सहायता (Subsidy) | १००२४२७०३.९४ | २३०७५८४५.१४ |
| २६००० | अनुदान | ०.०० | ९८५०००.०० |
| २७००० | सामाजिक सुरक्षा | २६५२४९६.०० | ४१३९३८२.०० |
| २८००० | अन्य खर्च | १८९६८२०.०० | १८५३२००.०० |
| **४** | **पुँजीगत** | **१११४६३५७९.६९** | **१३१८१९७४८.३८** |
| ३१११० | भवन तथा संरचना | ५१७०९२७.६० | १५४२७२४६.१७ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६२७७८८७.०० | ३७८९३४०.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | ८५५३३८०.७० | २९९०५८९.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८९१९५०६९.०३ | १०४०५०२७३.२१ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ७६६३१५.३६ | ०.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | १५०००००.०० | ५५६२३००.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **३६८०५३९४८.६४** | **३७७३४१५६५.४८** |
| ग) | बचत / कमी (ग = क-ख ) | -३११६७६४५.९४ | -५४१२०३११.५३ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ६२५४७२३.३७ | ५५९५८७.८९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -८२९१३.४९ | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -२४९१२९२२.५७ | -५३५६०७२३.६४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६९४१३३४३.२५ | १२२९७४०६६.८९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **४४५००४२०.६८** | **६९४१३३४३.२५** |

३ **एकीकृत आर्थिक विवरण**

पालिकाले पेश गरेको आय-व्ययको स्थिती देहाय अनुसार छ ।

| एकीकृत आर्थिक विवरण आर्थिक वर्ष २०८०/८१ | | | | | |
|---|---|---|---|---|---|
| | आय | | | व्यय | |
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | संघीय समानीकरण अनुदान | |
| | क. स्थानीय संचितकोष खाता | ६३५३७६१४.४२ | | क. चालु | ६६८१८११.७३ |
| | ख. स्थानीय तह धरौटी खाता | ४८६२८८७.१३ | | ख. पुँजीगत | ७५७७८०३५.२२ |
| | ग. प्रकोप व्यवस्थापन कोष खाता | ११८६७७९.०१ | २ | संघीय ससर्त | |
| | घ. विविध खर्च खाता/कोष | ११९४५१०.०० | | क. चालु | १५३०८७५८५.९८ |
| | ङ. विविध कोष खाता | १७०८१९६.२९ | | ख. पुँजीगत | ४५६८१६७.७४ |
| २ | राजश्व आय | | ३ | संघीय समपुरक अनुदान पुँजीगत | ६३३३९७०.५० |
| | क. आन्तरिक राजश्व | ३०६७८६०.१८ | ४ | आन्तरिक स्रोत | |
| | ख. राजश्व बाँडफाँट(प्रदेश) | २५९०४९३.६२ | | क. चालु | ४४६७९४१५.११ |
| | ग. राजश्व बाँडफाँट(संघीय) | ६१७३६१२२.०० | | ख. पुँजीगत | १९३००५७४.०१ |
| ३ | संघ सरकारबाट हस्तान्तरण | | ५ | राजश्व बाँडफाँट | |
| | क. वित्तीय समानीकरण अनुदान | ९०६७५०००.०० | | क. चालु | ४७६१९७४५.५४ |
| | ख. ससर्त अनुदान (चालु) | १५३०८७५८५.९८ | | ख. पुँजीगत | ७९४८०६.२२ |
| | ग. ससर्त अनुदान (पुँजीगत) | ४५६८१६७.७४ | ६ | प्रदेश समानीकरण अनुदान पुँजीगत | ५६७१५०.०० |
| | घ. समपुरक अनुदान (पुँजीगत) | ६३३३९७०.५० | ८ | प्रदेश ससर्त अनुदान | |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरण | | | क. चालु | ४५२०६७५.३८ |
| | क. वित्तीय समानीकरण अनुदान | ५९६९०००.०० | | ख. पुँजीगत | ४१२०८७६.०० |
| | ख. ससर्त अनुदान (चालु) | ४५२०६७५.३८ | ९ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | ग. ससर्त अनुदान (पुँजीगत) | ४१२०८७६.०० | | क. सामाजिक सुरक्षा | ४६१६१५६१.०० |
| ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ख. गरिबसँग विश्वेस्वर | ७२७३००.०० |
| | क. सामाजिक सुरक्षा | ४६१६१५६१.०० | १० | कार्यसञ्चालन कोष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख. गरिबसँग विश्वेस्वर | ७२७३००.०० | | क. विविध खर्च खाता/कोष | ५०५१९५८.७५ |
| ६ | कार्यसञ्चालन कोष | | ११ | धरौटी फिर्ता | २२६१५२९.७५ |
| | ख. विविध खर्च खाता/कोष | ७७१७६७४.४७ | **१२** | **मौज्दात रकम(स्रेस्ता अनुसार)** | **४४५००५५५.७१** |
| | च. विविध कोष खाता | ८४७५०७.८१ | | क. स्थानीय संचितकोष खाता | ३२१५४५४४.२१ |
| ७ | धरौटीको प्राप्ती | २१०८०५४.२९ | | ख. स्थानीय तह धरौटी खाता | ४७०९४११.६७ |
| ८ | दाखिला गर्न बाँकी राजस्व | ३३८८२.८२ | | ग. प्रकोप व्यवस्थापन कोष खाता | ११८६७७९.०१ |
| | | | | घ. विविध खर्च खाता/कोष | ३८६०२२५.७२ |
| | | | | ङ. विविध कोष खाता | २५५५७०४.१० |
| | | | | च. आन्तरिक राजस्व खाता | ३३८९१.०० |
| | **जम्माः** | **४६६७५५७१८.६४** | | **जम्माः** | **४६६७५५७१८.६४** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ। सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कायम नहुने हुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाब भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.६,७७,७६,३७८।६७ मौज्दात रहेकोमा यो वर्ष रू.६,९४,१३,३४३।२५ जिम्मेवारी सारेको छ । गत

वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१६,३६,९६४।५८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

४.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.४,६१,६१,५६१।- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.७,२७,३००।- समेत रू.४,६८,८८,८६१।- सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.४ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.३०,७६,६४३।६०, यस वर्षको प्राप्ति रू.५,७३,७९,४२९।०९, यस वर्षको भुक्तानी रू.५,४२,०१,२१४।२९ र मौज्दातमा रु.१३५।०३ फरक परेको छ । सुत्रमा कोषको यस वर्षको आम्दानी समेत जिम्मेवारीमा समावेश भएको र सिग्यास प्रणाली मार्फत भुक्तानी भएको कारोबार सुत्रमा समावेश नभएको कारण उक्त फरक देखापरेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । मौज्दात फरक सम्बन्धमा पालिकाले यकिन गरी सुत्रमा आम्दानी बाँधी प्रमाण पेश गर्नु पर्ने रू.

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको आर्थिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) | ६९४१३३४३.२५ | ३३६८८६३०२.७ | ३६८०५३९४८.६४ | ४४५००४२०.६८ |
| एकीकृत आर्थिक विवरण अनुसार | ७२४८९९८६.८५ | ३९४२६५७३१.७९ | ४२२२५५१६२.९३ | ४४५००५५५.७१ |
| **फरक** | **३०७६६४३.६** | **५७३७९४२९.०९** | **५४२०१२१४.२९** | **१३५.०३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३५.०३ |

४.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैंक मौज्दात रु.४,४५,००,५४७।५३ देखिएकोमा सो अवधिमा बैंक अनुसार बैक मौज्दात रु.४,४७,६१,०८७।८८ देखिएकोले श्रेस्ता भन्दा बैंक बढी देखिएको छ । मौज्दात मध्ये स्थानीय संचितकोषमा रु.१,०००.१८ बढी मौज्दात देखिएको सो रकम यकिन गरी आम्दानी बाँध्नुपर्दछ । त्यस्तै अन्य फरक रकमको हकमा देहायअनुसारको कारवाही गरी प्रमाण पेश गर्नुपर्ने रु.

| खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|
| स्थानीय संचितकोष खाता | ३२१५४५४४.२१ | ३२१५५५४४.३९ | १०००.१८ |
| स्थानीय तह धरौटी खाता | ४७०९४११.६७ | ४८७१०५६.३८ | १६१६४४.७१ |
| प्रकोप व्यवस्थापन कोष खाता | ११८६७७९.०१ | ११८६७७९.०१ | ० |
| विविध खर्च खाता/कोष | ३८६०२२५.७२ | ३९४२००४. | ८१७७८.२८ |
| विविध कोष खाता | २५५५७०४.१ | २५५५७०४.१ | ० |
| विभाज्य कोष खाता | ० | ५००००. | ५००००. |
| आन्तरिक राजस्व खाता | ३३८८२.८२ | ० | -३३८८२.८२ |
| चालु खर्च खाता विजोर वर्ष | ० | ० | ० |
| पुँजीगत खर्च खाता विजोर वर्ष | ० | ० | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| राजस्व बाँडफाँड खाता | ० | ० | ० |
| जम्मा | ४४५००५४७.५३ | ४४७६१०८७.८८ | २६०५४०.३५ |

**क) कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व विनियोजन खर्च खाताको रू.१,१३५।२१ र विविध खर्च खाताको रू.८१,७७८।२८ गरी जम्मा रू.८२,९१३।४९ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.८२,९१३।४९

**(ख) विभाज्य कोष** - पालिकाको विभाज्य कोष खातामा रू.५०,०००।- मौज्दात बाँकी देखिएको छ । उक्त रकम नियमानुसार बाँडफाँट गरी प्रमाण पेश गर्नुपर्ने रु.५०,०००।-

**(ग) धरौटी** - धरौटी श्रेस्ता अनुसारको मौज्दात रु.४७,०९,४११।६७ र बैंक अनुसार रु.४८,७१,०५६।३८ भएकोमा रु.१,६१,६४४।७१ बैंक मौज्दात बढी देखिएकोले यकिन गरी आम्दानी बाँधी प्रमाण पेश गर्नुपर्ने रु.१,६१,६४४।७१

**(घ) आन्तरिक राजस्व खाता** - पालिकाको आन्तरिक राजस्व खातामा रु.३३,८८२।८२ नगद मौज्दात दाखिला गर्न बाँकी देखिन्छ । सो रकम दाखिला गरी प्रमाण पेश गर्नु पर्ने रु.३३,८८२।८२

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,४४१.०२ |

## ५ आन्तरिक लेखापरीक्षण र नियन्त्रण प्रणाली

५.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको आम्दानी तथा खर्चको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले छलफलमा जानकारी दिएको छ ।

कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

५.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागू गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन। अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्धन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि यथाशिघ्र ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यमकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

• भ्रमण अभिलेख खाता पूर्ण रुपमा लागू नगरेको ।

**खरिद व्यवस्थापनतर्फ**

• सार्वजनिक खरिद ऐन,२०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद

योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ को व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरु मर्मत गरेको अभिलेख राखेको देखिएन । एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन।

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको ।

**विविधतर्फ**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बरर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेस्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) बमोजिम सबै कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

## ६ बजेट तथा कार्यक्रम

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरूको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले मिति २०८०।०३।१० मा रू.४७ करोड ४७ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.४ **बजेट अबण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहायबमोजिमको योजनामा रू.२० लाख अबण्डा बजेट व्यवस्था गरेकोमा विभिन्न योजनामा रकमान्तर गरेको छ। सुरु बजेटमा अबण्डामा राखी पुन विशेष अधिवेशनवाट आयोजना चयन गरि बजेट बाँडफाँट गर्ने र कार्यपालिकाको निर्णयबाट

खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | बजेट | आयोजना संख्या |
|---|---|---|---|
| ६८ | उपाध्यक्ष निर्दिष्ट कार्यक्रम | १०००००० | रकमान्तर |
| ६९ | उपाध्यक्ष निर्दिष्ट कार्यक्रम | १०००००० | रकमान्तर |

६.५ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी भुक्तानीको लागि मिति २०८०/०३/२४ मा टिप्पणी उठाएको लारपा भिरमा सार्वजनिक पार्टी तथा सडक मर्मत वापत गो.भौ.नं.१०-२०८०/०६/२९ बाट रू.२,००,०००।- बजेट खर्च लेखी रू.१,८६,४७४।- थुङ्म्बा टोल विकास संस्थालाई भुक्तानी दिएको छ । तसर्थ गत आर्थिक वर्ष २०७९/८० कार्यसम्पन्न गरी भुक्तानीको लागि टिप्पणी समेत उठेको अवस्थामा गत आर्थिक वर्षमा भुक्तानी भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । गत आर्थिक वर्षमा भुक्तानी नभएको यकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६.६ **योजना प्राथमिकीकरण**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १९१ योजनामा रू. १६ करोड १३ लाख ६६ हजार विनियोजन गरी रू. ११ करोड १४ लाख ६४ हजार खर्च गरेको छ ।

| विवरण | योजना संख्या | विनियोजन रकम ( रू.हजारमा ) | खर्च रकम (रू. हजारमा) |
|---|---|---|---|
| १ लाख सम्म | ३३ | २९३७ | २८६२ |
| १ लाख देखी ५ लाख सम्म | ९० | २७३७६ | २५२८३ |
| ५ लाख देखी १० लाख सम्म | ३८ | ३२०५६ | २९५०५ |
| १० लाख देखि २० लाख सम्म | १४ | २२१९५ | १५४८५ |
| २० लाख भन्दा माथी | १६ | ७६८०२ | ३८३२९ |
| जम्मा | १९१ | १६१३६६ | १११४६४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणमा समेत कठिनाई हुने देखिन्छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७९ योजनामात्र कार्यान्वियन भई १२ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथमिकीकरण गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

६.७

**क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र | बजेट (रु.हजारमा) | खर्च (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२०७५ | २०८८४ | ५.६७ |
| २ | सामाजिक विकास | २०३९७८ | १७५५४६ | ४७.७ |
| ३ | पूर्वाधार विकास | ११२४३४ | ७३९७९ | २०.१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७६४८ | २२९२ | ०.६२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२८५६९ | ९५३५३ | २५.९१ |
| **जम्मा** | | **४७४७०४** | **३६८०५४** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.७० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा (०.६२ प्रतिशत) रहेको छ । अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

६.८ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रू.३५ करोड ६८ लाख ५० हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ४८.३२ प्रतिशत हुन्छ । आर्थिक वर्ष ०८०।८१ का लागि विभिन्न कोष तथा योजनातर्फ स्वीकृत भएको रू.२३ करोड ८ लाख २१ हजार बराबरको ८४ योजनालाई घटाई नयाँ तथा भएका योजनामा ५२ योजना/कार्यक्रम थप गरी रू. १२ करोड ६० लाख २९ हजार कार्यपालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट भएको छ। योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## ७ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च (रु.हजारमा) | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको खर्च (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| गाउँपालिका पुँजीगत | ९५६४१ | १३२२२ | १४७३ | ४३८९८ | ३७०४८ | २९२०५ |
| कृषि शाखा पुँजीगत | ८०० | ० | ८०० | ० | ० | ० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १०९०२ | ० | १३१८ | १०० | ९४८४ | ९४८४ |
| प्रदेश पुँजीगत | ४१२१ | ० | ० | ९९१ | ३१३० | १७३० |
| **पुँजीगत खर्चतर्फ** | **१११४६४** | **१३२२२** | **३५९१** | **४४९८९** | **४९६६२** | **४०४१९** |
| **प्रतिशत** | **१००** | **११.८६** | **३.२२** | **४०.३६** | **४४.५६** | **३६.२६** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा रू.११ करोड १४ लाख ६४ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. १ करोड ३२ लाख २२ हजार (११.८६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.३५ लाख ९१ हजार (३.२२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. ४ करोड ४९ लाख ८९ हजार (४०.३६ प्रतिशत) र चौथो त्रैमासिकमा रू.४ करोड ९६ लाख ६२ हजार (४४.५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.४ करोड ४ लाख १९ हजार (३६.२६ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने जोखिम देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. ३० लाख ६८ हजार, गत आर्थिक वर्षको मौज्दात रू. ७ करोड २६ लाख ३ हजार, राजस्व बाँडफाँटबाट रू.६ करोड ४३ लाख २६ हजार र अनुदानबाट रू. २७ करोड ३३ लाख १८ हजार समेत रू.४३ करोड ४५ लाख ५९ हजार आम्दानी गरेकोमा चालुतर्फ रू.२५ करोड ६५ लाख ९० हजार र पुँजीगततर्फ रू.११ करोड १४ लाख ६४ हजार समेत रू.३६ करोड ८० लाख ५४ हजार खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू.५७ लाख ९० हजार खर्च भएको छ जुन आन्तरिक आयको १८८.७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६९.७२ प्रतिशत चालु र ३०.२८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १० वडा समिति मार्फत रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । कार्यपालिका बाहेक वडा समितिमा सभाद्वारा विनियोजित बजेट रकमान्तर गर्ने अधिकार सम्बन्धी कानुनी व्यवस्था रहेको पाइएन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आर्थिक वर्षको अन्त्यमा वडा समितिको निर्णय अनुसार सभाद्वारा विनियोजित बजेटलाई रकमान्तर गरी खर्च गरेको पाइयो । विभिन्न शीर्षकमा विनियोजित बजेटलाई देहायबमोजिम वडा समितिको निर्णय गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रू.

| भौचर नं | वडा नम्बर | विनियोजित शीर्षक | खर्च गरेको शीर्षक | खर्च रकम |
|---|---|---|---|---|
| ३१९ | १ | भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री र विविध खर्च | ३२३०० |
| ३१८ | २ | भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ३७७०१ |
| | | इन्धन कार्यालय प्रयोजन | विविध खर्च | १५४४४ |
| जम्मा | | | | ८५४४५ |

| | |
|---|---|
| अनियमित भएको | ८५,४४५ |

## ११ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष पुँजीगत शीर्षकबाट रू.११ करोड १४ लाख ६४ हजार खर्च गरेकोमा बोलपत्र, सिलबन्दी दरभाउपत्र, सोझै, अमानतबाट र उपभोक्ता समितिबाट गरेको खरिद कार्यको खर्च विवरण माग गरेकोमा पालिकाले विवरण पेश गरेको छैन । विवरण उपलब्ध नगराएको कारण यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

१२ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । साथै भौतिक र वित्तीय प्रगति विवरण समिक्षा गर्नु पर्दछ ।

१३ **सूचना प्रविधी सञ्चालन**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरू सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको प्रयोगकर्ताहरूको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन्, आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

१४ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गत वर्षसम्म सफ्टवेयर खरिद नगरेको विवरण पेश गरेको छ । यो वर्ष २ वटा सफ्टवेयरहरूमा रू.८,९१,५७०।- भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यकता, लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदातामाथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

१५ **सफ्टवेयर खरिद**

कार्यालयले यस आर्थिक वर्षमा सफ्टटेक फाउण्डेशन प्रा.लि.मार्फत लेखापरीक्षण अभिलेख व्यवस्थापन सूचना प्रणाली (ARMIS) सफ्टवेयर रू.५,९३,२५०।- मा र न्यायिक समिति व्यवस्थापन प्रणाली नेटवर्क एसोसियट्स प्रा.लि.मार्फत रू.२,९८,३२०।- मा खरिद गरी जम्मा रु.८,९१,५७०।- सफ्टवेयर खरिदमा खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छः

क) सार्वजनिक खरिद ऐन,२०६३को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सफ्टवेयर खरिद गर्दा लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार नगरी परामर्शदातासँग सोझै प्रस्ताव माग गरी खरिद गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

ख) नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ

। गाउँपालिकाले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले सफ्टवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ ।

१६ **खरिद अभिलेख तथा योजना**

१६.१ **खरिद कारवाही अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१६.२ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.११ करोड १४ लाख ६३ हजार पुँजीगत खर्च/निर्माण कार्य खरिद गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१८ **वित्तीय जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व.२०७८।७९ मा ५१.५ प्रतिशत अङ्ग हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व.२०७८।७९ मा ५४.२५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा सहकार्य र समन्वय, सामाजिक समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन, संगठन तथा प्रशासन, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सेवा प्रवाह लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरूको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

१९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१९.१ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट गाउँपालिकाका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई रू.१,१२,८८,३६३।२१ कर्मचारीको पारिश्रमिकमा खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा भुक्तानी हुनुपर्नेभन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९.२ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ७ मा ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गर्न पठाउनु पर्ने उल्लेख छ । ऐनको व्यवस्था बमोजिम पालिकाले प्रदेश किताबखानामा पद दर्ताको लागि पठाएको विवरण प्राप्त भएन। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म १८ स्थायी र ६ करार गरी २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, ईन्जिनियर, आन्तरिक लेखापरीक्षक, सहित ९ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ प्रदेश किताबखानामा पद दर्ता गरी रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१९.३ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।यसरी सेवा लिएको अवस्थामा सेवा करार वापत दिइने पारिश्रमिक सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।सेवा करार सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

(क) पालिकाले यस वर्ष विभिन्न पदमा २७ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता बापत राजस्व बाँडफाँटबाट रू.१,०८,४६,१९१।९३ खर्च लेखेको छ । यस वर्ष पालिकाको आन्तरिक आम्दानी रू.३० लाख ६८ हजार रहेको छ । सोको तुलनामा करारमा कर्मचारी पदपूर्ती गरी आन्तरिक आम्दानीको ३५३.५२ प्रतिशत खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक आयले धान्न सक्ने गरी करारमा कर्मचारी पदपूर्ती गर्नुपर्दछ ।

(ख) पालिकाले ऐन बमोजिम करार सेवामा नियुक्ती गर्न सकिने पद बाहेक रिक्त दरबन्दीमा ना.प्रा.स. २, असिस्टेन्ट सब ईन्जिनियर ३, कम्प्यूटर अपरेटर १ लगायत ७ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरी खर्च लेखेको छ । रिक्त पदहरू पूर्ती गरी करारका कर्मचारीहरूमा भई रहेको खर्च कम गर्न पहल गर्नुपर्दछ ।

(ग) पालिकाले स्वीकृत दरबन्दी बाहिर खेलकुद शिक्षक १ जना करारमा नियुक्ति गरी बर्ष भरीमा निजको तलब भत्ता बापत रू.३,०७,०८५।३३ भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,०७,०८५ |

१९.४ **कर्मचारी कल्याणकोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## २० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## २१ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख नगरेकोले जिन्सीको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तोकिएको फारमको प्रयोग गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा जिन्सी सामग्रीहरूको PAMS मा पूर्ण रुपमा मा अभिलेख राखेको देखिएन साथै वडागत रुपमा खरिद भएका जिन्सीहरू समेत दाखिला गरी प्रविष्टी गरेको पाइएन। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन। यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको

जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हालसम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

• पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन ।पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

## २२ कानुन निर्माण एवं कार्यान्वयन

२२.१ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, २ वटा नियमावली, २० वटा कार्यविधि, १ वटा मापदण्ड र १ वटा मार्गदर्शन गरी २८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

२२.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ वटा विवादहरू रहेकोमा यो बर्ष दर्ता भएका ४ विवाद गरी कुल ६ वटा विवाद मध्ये ५ वटा फर्स्यौट भई १ वटा विवाद फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २३ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूची तोकिएको छ । पालिकाले यस वर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ पञ्जिकरण दर्ता ५५७, नागरिकता सिफारिस ३८९, घरबाटो सिफारिस ११७, नाता प्रमाणित १६९, अन्य सिफारिस ८७४ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

## २४ कोषहरुको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ।

२५ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन कोष, मर्मत सम्भार कोषजस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रू.२८ लाख ९५ हजार सहित रू.८ लाख ४८ हजार आय गरी रू.३७ लाख ४२ हजार मौज्दात देखाएको छ।

२६ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्य गराएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२७ **ठेक्काको अभिलेख**

ठेक्काबाट भएको कामको अभिलेख कायम हुनेगरी सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२८ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले उक्त अभिलेख राख्ने गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकतानुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ।

२९ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकातर्फ रू.२३,४६,५०३।- वडातर्फ रू.१,२४,३४०।- गरी कुल रू.२४,७०,८४३।- खर्च गरेको छ । त्यसका अतिरिक्त पालिकाले सभा सञ्चालन खर्च वापत रू.६,९६,७८०।- खर्च लेखेको छ । पालिकाले के कुन कार्यक्रममा, सहभागी संख्या नखुलाई विभिन्न होटलको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय ३० लाख ६८ हजार को १०३.२५ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

३१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश हुन आएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । साथै सहकारीको वर्तमान अवस्थामा आएको कार्य संचालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्वेश्यप्रति प्रतिवद्ध गराउन पालिकाबाट सहकारीको पर्याप्त नियमन हुनु पर्दछ ।

३२ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

३३ **पेस्की व्यवस्थापन**

३३.१ **पेस्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्योंट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न संस्था तथा फर्मलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रू.३३,६५,०००।- बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू.१,७५,०००।- फस्योंट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्योंट गर्नुपर्ने रू.

| **क्र.सं.** | **मिति** | **पेस्की लिनेको नाम** | **कार्यक्रम** | **म्याद नाघेको पेस्की रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ०३/२४/२०८१ | श्री निलगिरी मा वि | स्काउट विकास कार्यक्रम नपरेका स्थानीय तहको निलगिरी मावि सिदिङ्वा गा.पा.-६, ताप्लेजुङलाई विद्यालयमा स्काउट विकासका लागि अनुदान | १००००० | |
| २ | ०३/२४/२०८१ | श्री निलगिरी माध्यमिक विद्यालय | बालविबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम | ७५००० | |
| जम्मा | | | | १७५००० | |

| | |
|---|---|
| पेश्की | १,७५,००० |

३३.२ **म्याद ननाघेको पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेस्की फस्योंट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा देहायबमोजिमका निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेस्की रू.३१,९०,०००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फस्योंट नभई बाँकी रहेको देखिन्छ। पेस्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी सम्झौताको शर्त र नियमानुसार फस्योंट गर्नुपर्ने देखिन्छ।

| पेस्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| वाईसन।अकिला जे.भी. | १०/२१/२०८० | साब्लाखु-लिम्बुदिन-मेहेले-सुरुम्खिम मोटरबाटो स्तरोन्नति (पहिलो खण्ड) | ७००००० |
| दुर्बीच निर्माण सेवा प्रा.लि. | ११/२१/२०८० | कालिखोला बाट तिम्बुङपोखरी जाने सडक विस्तार | १६०००० |
| रोयल।एस.वि.डी. जे.भी. | ०१/१८/२०८१ | सुरुङखिम स्वास्थ्य चौकी भवन निर्माण | ६००००० |
| नयाँ नेपाल।एस.बि डि जे.भी. | ०१/१८/२०८१ | सिदिङ्वा-६ मेहेले ताप्लेजुङ्गमा हेल्थपोस्ट भवन निर्माणमा सहयोग | ८००००० |
| बाइसन विल्डर्स प्रा.लि. | ०३/२४/२०८१ | सादेवा स्वास्थ्य चौकी भवन निर्माण सिदिन्गा -२ ताप्लेजुंग | ७६०००० |
| याङ्गतारु निर्माण सेवा प्रा.लि. | १२/१४/२०८० | साब्लाखु-लिम्बुदिन-मेहेले-सुरुम्खिम मोटरबाटो स्तरोन्नति (दोस्रो खण्ड) | १७०००० |
| **जम्मा** | | | **३१९००००** |

३३.३ **गत विगतको पेस्की** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेस्की फस्यौंट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्यौंट गर्न बाँकी पेस्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमुख समक्ष पेश गरी ढिलो फस्यौंट गरिएका पेस्की फस्यौंट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सूत्र प्रणाली अनुसार गत विगतसम्मको पेस्की रकम श्री सुशिल प्रधानको रू.१५,०००।- लेखापरीक्षण अवधिसम्म फस्यौंट नगरेको र ताकेता समेत गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेस्की रकम फस्यौंट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३४ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले कर विवरण पेश गरेको प्रमाण कागजात नलिई भौचर नं.४-२०८०।५।१३ बाट कमल कन्स्ट्रक्सन प्रा.लि.लाई रू.१,४५,३०६।९१ रिटेन्सन मनि फिर्ता गरेको देखियो । अत: सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,३०७ |

३५ **राजश्व व्यवस्थापन**

३५.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च रू.हजारमा | आन्तरिक आय रू.हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८२४६० | ३०६८ | ३.७२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५.२ **आन्तरिक राजस्व अनुमान तथा असुली** - यो वर्ष गाउँपालिकाले जम्मा रू.३४,५०,०००।– आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रू.३०,६७,८६०।- आम्दानी गरेकोले लक्ष्यको तुलनामा रू.३,८२,१४०।- (११.०७ प्रतिशत) घटी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने

आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याउनु पर्दछ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | २०००००. | ० | ० |
| २ | भुमिकर/मालपोत | ३०००००. | ३९८८०२.२३ | १३२.९३ |
| ३ | वहाल कर | ० | २६१३५६. | ० |
| ४ | वहाल विटौरी कर | ० | १२३३८०. | ० |
| ५ | सवारी साधन कर (साना सवारी) | ० | ६००. | ० |
| ६ | अन्य कर | ३५००००. | १७३९४३.४५ | ४९.७ |
| ७ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ६३१६७२. | ० |
| ८ | पर्यटन शुल्क | ० | ९०००. | ० |
| ९ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ८४२३४.५ | ० |
| १० | अन्य सेवा शुल्क तथा बिक्री | ० | ३०००. | ० |
| ११ | शिक्षा क्षेत्रको आम्दानी | ० | ११८००. | ० |
| १२ | परीक्षा शुल्क | १०००००. | ० | ० |
| १३ | यातायात क्षेत्रको आम्दानी | १००००००. | ० | ० |
| १४ | अन्य प्रशासनिक सेवा शुल्क | ४०००००. | १०००. | ०.२५ |
| १५ | सिफारिश दस्तुर | ४०००००. | ७१०५९९. | १७७.६५ |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३०००००. | १८७३००. | ६२.४३ |
| १७ | नाता प्रमाणित दस्तुर | ० | ८६५००. | ० |
| १८ | अन्य दस्तुर | ० | २०८१२४. | ० |
| १९ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ५२०००. | ० |
| २० | व्यवसाय कर | ३०००००. | ६६००. | २.२ |
| २१ | बेरूजु | १०००००. | ११७९४९. | ११७.९५ |
| **जम्मा** | | **३४५००००.** | **३०६७८६०.१८** | **८८.९२** |

३५.३ **राजश्वको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानीतर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अधिको करदाताको लगत मलेपफानं. १११, राजस्व लगत र असुली विवरण मलेपफानं. ११३, राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा

खाता (म.ले.प.फा.नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

३५.४ **वडाबाट प्राप्त आम्दानी -** पालिकाले वडाबाट प्राप्त हुनु पर्ने तथा भएको आम्दानीको अभिलेख व्यवस्थित गरी राखेको छैन। वडाहरूबाट संकलन गरेको राजस्व नियमित रुपमा बैक दाखिला गरी नगदी रसिद सहित फिर्ता लिने गरेको छैन। वडाहरूलाई दिएको नगदी रसिद वर्षान्तमा फिर्ता गरी आय यकिन गरी दाखिला गरे नगरेको भिडान गरेको समेत देखिएन । पालिकाले वडाबाट प्राप्त राजस्व र पालिकामा सँकलन भएको राजस्वको व्यवस्थित हिसाव तयार गरी नियमानुसार आम्दानी प्राप्त भएको र प्राप्त भएको सबै आम्दानी समयमै पालिकामा दाखिला भएको सुनिश्चित गर्नु पर्दछ ।

३५.५ **रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद काटी दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदमध्ये गत विगतका बाँकी रसिद, यस वर्ष कति छपाई गरेको रसिद र यो वर्ष वडा कार्यालयहरू, दहत्तर बहत्तरको असुली लगायत गाउँपालिका कार्यालयले प्रयोग गर्ने गरी वितरण गरेको रसिद बाँकी रसिदको अवस्था खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन यकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सबै रसिदबाट उठेको रकम दाखिला भएको यकिन गर्नु पर्दछ ।

३६ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० मा पालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ । यो वर्ष पालिकाले व्यवसाय दर्ता शुल्क असुलीको अनुमान नगरेकोमा रू.५२,०००।- संकलन गरेको र व्यवसाय कर रू.३,००,०००।- लाख अनुमान गरेकोमा रू.६,६००।- मात्र असुल गरेको देखियो । पालिका क्षेत्र भित्र साना होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ।

३७ **हेभी ईक्वीपमेन्टको आय स्थिति**

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरूको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकामा एक जे.सि.बि.सञ्चालनमा रहेकोमा उक्त जे.सि.बि.को लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो खुल्न आएन र लगबुक प्रमाणित गरेको देखिएन । पालिकाले जे.सि.बि. र एम्बुलेन्सको इन्धन खर्च शीर्षकमा यो वर्ष रू.९,४९,३९०।३६ र मर्मत शीर्षकमा रू.१७,६३,१९५।- खर्च गरेको देखिन्छ भने जे.सि.बि.मा प्रयोग भएको ईन्धन र मर्मतको लागि भएको खर्च देखिने गरी छुट्टै अभिलेख राख्ने गरेको पाइएन । यस वर्ष एम्बुलेन्सबाट रू.६ लाख १४ हजार आम्दानी प्राप्त देखिन्छ भने पालिकाले प्रत्येक वर्ष जे.सि.बि. सञ्चालनमा ठुलो रकम खर्च गर्दै आएकोमा सो उपकरणबाट आम्दानी शुन्य हुने गरेको पाइयो । तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई राजश्व आर्जन गर्नेतर्फ ध्यान दिनुपर्दछ । जेसिविको संचालन कार्यविधि तयार गर्नुका अतिरिक्त सो बाट भएको कामको लागत अनुमान तयार गरी नापी किताबमा उल्लेख गर्नुपर्दछ ।

३८ **सम्पत्ति कर**

पालिकाको आर्थिक ऐन, २०८० मा पालिका क्षेत्र भित्र सम्पत्ति कर लगाई असुल गर्ने उल्लेख छ ।पालिकाले यो वर्ष सम्पत्ति कर बाट रू.२,००,०००।- राजस्व संकलन हुने अनुमान गरेकोमा राजस्व असुली भएको देखिएन । सभाले पारित गरेको आर्थिक ऐन अनुसार कर संकलन गर्नु पर्दछ ।

३९ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा र सोही दिनमा सम्भव नभएको सोको भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट संकलित राजस्व लामो समय पछी एकमुष्ठ रुपमा दाखिला गर्ने गरेको देखियो । वडा नं. ५ र ६ बाट असुल भएको राजस्व तथा दाखिला विवरण प्राप्त भएको छैन । ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४० **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

४१ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(९) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष विभिन्न ७ कार्यमा रू.८६,६७,५४०।७० र विभिन्न ४ कार्यमा रू.५७,६७,१२४।- समेत कुल रू.१,४४,३४,६६४।७० खर्च गरेको छ । यसरी सम्भाव्यता अध्ययन/डि.पि.आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, कार्यालयको जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । पालिकाले यस आर्थिक वर्षमा गरेका सम्भाव्यता अध्ययन/डि.पि.आरको विवरण निम्नानुसार रहेका छन्:

| **गो.भौ.नं.-मिति** | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|---|
| ७४-२०८०/१२/१२ | वडा कार्यालय भवन १ , ३ , ४ , ६ , तिलाहार देखि महादेव थान जाने मोटरबाटो , लिम्बुदिन स्वास्थ्य चौकी , सादेवा लोकुम्बा तेम्बोक बाँजेनी मोटरबाटो , शिलशिले-जलेश्वरी मोटरबाटो | ईष्टर्न ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | २०००००० | १९९२१९० | ३५३०६४५५४ |
| ८५-२०८०/१२/२४ | ८ वटा विभिन्न झोपुहरूको DPR | ड्रिमल्याण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १६००००० | १५९६६९० | ४९७६१५२८ |
| ११८-२०८१/०१/१३ | सडक गुरुयोजना निर्माण | एलिशा इन्जिनियरिङ्ग वर्कस एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | २०००००० | १९८३१५० | १२०२१३८३००० |
| २०९-२०८१/०३/२४ | भोटे खोरिया खेक्लेवुङ हुँदै वरडाँडा जोड्ने मोटरबाटो | तीनजुरे कन्सल्टेन्ट एण्ड विल्डर्स प्रा.लि. | २००००० | १९५०९४ | १३८५८७६२७ |
| **जम्मा** | | | **५८०००००** | **५७६७१२४** | **१२५६२७९६७०९** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। यस्ता सम्भाव्यता अध्ययन/डी.पी.आर गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । गत आर्थिक वर्षमा भएको सम्भाव्यता अध्ययन/डि.पि.आरको कार्यान्वियनको अवस्था लेखापरीक्षणमा पेश हुन आएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

४२ **मसलन्द तथा कार्यालय सामग्री खरिद**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरू, सबै पदाधिकारी एवं कर्मचारीहरूले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शीर्षकमा पालिकातर्फ रू.३९,९२,००३।-, रोजगार सेवा सञ्चालनतर्फ र वडा कार्यालयतर्फ रू.८,३९,८९०।- गरी जम्मा रू.४१,३१,८९३।- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ गाउँपालिकाले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४३ **इन्धन खर्चको मापदण्ड**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोबिल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । साथै सिदिङ्वा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं १० मा सरकारी तथा निजि सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयको कामकाज गर्ने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराइने उल्लेख छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजन शीर्षकमा रू.२४,६१,६०५।३० र पदाधिकारी इन्धन शीर्षकमा रू.१,६५,४९४।८३, इन्धन जे सि बि एम्बुलेन्स शीर्षकमा रू.९,४९,३९०।३६ गरी जम्मा रू.३५,७६,४९०।४९ खर्च गरेको छ । पालिकाले पदाधिकारीको इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने कर्मचारीहरूको इन्धन खर्चको मापदण्ड तयार गरेतापनि सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। जे.सि.बि तथा एम्बुलेन्सको लगबुगको आधारमा इन्धन खर्च भुक्तानी गरेतापनी लगबुक प्रमाणित गरेको देखिएन र कुन कुन योजनामा प्रयोग भएको हो सोको विवरण खुलेको देखिँदैन।

पदाधिकारीलाई इन्धन कार्यालय प्रयोजन शीर्षकबाट समेत इन्धन सुविधा भुक्तानी गरेको पाइयो। पालिकासँग इन्धन खर्चको विवरण माग गरिएकोमा सो उपलब्ध हुन नआएकोले इन्धन खर्चको उपयोगको परीक्षण गर्न सकिएन। इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी इन्धनको कोटा निर्धारण गरी र उपयोगको विवरण खुल्ने अभिलेख राखी इन्धन खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४४ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राखुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकातर्फ सवारी साधन मर्मतमा रू.२० लाख, जे.सि.बि. र एम्बुलेन्स मर्मतमा रू.२० लाख र वडा कार्यालयतर्फ मर्मतमा रू.३,९०,०००।– गरी सवारी साधन मर्मतमा रू.४३ लाख बजेट विनियोजन गरेकोमा रकमान्तरबाट पालिकाको मर्मत खर्चमा रू.१५ लाख थप गरी मर्मत खर्चमा रू.५८ लाख बजेट विनियोजन गरेकोमा पालिकातर्फ रू.३४,९९,२३०।-, जे.सि.बि. र एम्बुलेन्स मर्मत रू.१७,६३,१९५।- र वडा कार्यालयतर्फ मर्मतमा रू.३,८९,९५४।- गरी जम्मा रू.५६,५२,३७९।०९ मर्मतमा खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण अभिलेख खाता नराखेकोले सवारी मर्मतको यथार्थता परीक्षण गर्न सकिएन । मर्मत अभिलेख राखी खर्च व्यवस्थित र मितव्ययी बनाउनु पर्दछ ।

४५ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयको विभिन्न शीर्षकको

रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ साथै ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

४६ **भ्रमण खर्चतर्फ**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली, २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ। यस पालिकाले पालिकातर्फ वार्षिक अनुगमन तथा भ्रमणमा रू.२६,२३,९०३।- र वडा कार्यालयतर्फ रू.३,८३,३५०।- गरी जम्मा रू.३०,०७,२४८।- खर्च लेखेको छ । यस पालिकाका पदाधिकारी र कर्मचारीहरूको वार्षिक अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा कतिपय भ्रमण आदेश स्वीकृत नभएको, भ्रमण अभिलेख खाता प्रयोग नगरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन ।साथै एउटै भ्रमणको दोहोरो भुक्तानी गरेको, भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमण अवधिको बिचमा पालिकाको बैठकमा उपस्थित भएको समेत देखिन्छ । गाउँपालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । गाउँपालिका उपाध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले समेत आआफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेको पाइयो । पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरूको पालना गर्दै भ्रमण खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४७ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरे तापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४८ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४९ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयहरूलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरूको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका कार्यालय तथा सघंसंस्थाहरूलाइ विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं. | कार्यलय/ संस्थाको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| ७३ | ससस्त्र प्रहरी कार्यालय | फ्रिज खरिद | ६०००३ |
| २१४ | प्रहरी चौकी साब्लाखु | कम्प्यूटर तथा प्रिन्टर खरिद | ९९६०० |
| ३०७ | जिल्ला अदालत | डेस्कटप कम्प्यूटर | ८७८०७ |
| **जम्मा** | | | **२४७४१०** |

## ५० पदाधिकारी स्वकीय सचिव

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (३) मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले गाउँपालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । पालिकाले २०८० भाद्र १ बाट स्वकीय सचिवमा विनोद चौहान नियुक्ती गरी कार्यरत रहेको अवस्थामा पुन: थप सोमनाथ कडरियालाई मिति २०८०।११।९ को कार्यपालिकाको निर्णयबाट मिति २०८०।११।१५ देखि पुनः अर्को स्वकीय सचिव नियुक्त गरी दुई जना स्वकीय सचिव तलब भत्ता वापत यस आर्थिक वर्षमा रू.५,५०,९८१।- खर्च लेखेको छ । ऐनमा तोकिएको सुविधाभन्दा बढी संख्यामा स्वकीय सचिव नियुक्ति गरी रु.१६७०५९ खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,६७,०५९ |

## ५१ शीर्षक फरक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| भौचर नं र मिति | विवरण | खर्च गर्नुपर्ने शीर्षक | खर्च गरेको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १८६-२०८१।१२।१६ | कम्प्यूटर खरिद | मेशिनरी औजार | विविध | १३८२०० | खरिद आदेश तथा जिन्सी दाखिला नभएको |
| १९८-२०८०।१२।१६ | ठेस गाह्रो निर्माण योजना साम्यावा युप्पावा टोल विकास संस्था | सार्वजनिक निर्माण | ५ नं वडा कार्यालय फर्निचर व्यवस्थापन | १५०००० | |
| २८०-२०८१।०३।२१ | घरभाडा भुक्तानी | घरभाडा | सवारी साधन तथा मेसिनरी औजार भाडा तथा अन्य भाडा | २०४६० | |
| ३२१-२०८१।०३।२४ | सवारी, मर्मत , इन्धन , मसलन्द सामाग्री खरिद | सम्बन्धित शीर्षक | स्थायी कर्मचारीको पारिश्रमिक महंगी भत्ता तथा स्थानीय भत्ता | २६८७७ | |
| ३२७-२०८१।०३।२४ | मेयर कप भलिबल खेलमा खेलाडीलाई खानबस्नको लागि खर्च | खेलकुद कार्यक्रम | शिक्षक कर्मचारी अभिमुखिकरण | १६९८३९ | |
| **जम्मा** | | | | **५०५३७६** | |

| | |
|---|---|
| अनियमित भएको | ५,०५,३७६ |

५२ **वितरणमुखी खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरूमा केन्द्रित भई योजनाहरू कार्यान्वियन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा अध्यक्षको तोकआदेशले वितरणमुखि योजना र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरूले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याएको तथा पालिकाको आर्थिक व्ययभार बढ्न गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| क्र.सं | भौचर नं | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १६५ | जेष्ठ नागरिक, महिला, बालबालिका सम्मान कार्यक्रम | स्वीटर, ज्याकेट, स्कुल ड्रेस, ट्र्याकसुट | ९५५९१ |
| २ | १७३ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ढाका टोपी, दौरा सुरुवाल, चोली, सारी | ९८५९७ |
| ३ | १३९ | साम्यावा युप्पावा टोल विकास संस्था | उभौली पर्व | २००००० |
| ४ | २३८ | स्वर्गिक मार्ग संघ नेपाल | शिविर सञ्चालन | ६५००० |
| ५ | २४४ | सल्लेरी टोल विकास संस्था | कार्यालय व्यवस्थापन | ९८०३२ |
| ६ | | चावा खोला टोल विकास संस्था | टोल विकास संस्था मार्फत टिफिन तथा झोला वितरण | २००००० |
| ७ | २५७ | सादेवा टोल विकास संस्था | कार्यालय व्यवस्थापन तथा दलित बाजा व्यवस्थापन | १००००० |
| ८ | २५९ | चमेरे गुफा पर्यटकिय संरक्षण तथा संवर्द्धन समुह | फुटबल प्रतियोगिता | ६०००० |
| ९ | २६१ | चावा खोला टोल विकास संस्था | अन्तर वडा स्तरीय भलिबल प्रतियोगिता | ४६५०० |
| **जम्मा** | | | | **९६३७२०** |

५३ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई निर्माण तथा मर्मत कार्य लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रू..

| **भौचर नं र मिति** | **संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ३१२-२०८१।०३।२३ | लक्ष्मी वहुउद्देश्यीय कृषि जडिबुटी तथा पशुपंक्षी फर्म | जडिबुटी उत्पादनका लागि ट्याङ्कि निर्माण, जैतुन र अगरबुट विरुवा खरिद तथा रोपण | ५००००० |

| अनियमित भएको | ५,००,००० |
|---|---|

५४ **गरिबसँग विश्वेश्वर (९-२०८१/०३/२१)**

पालिकाले गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गतको कार्यक्रम खर्च शीर्षकबाट रू.१,५०,०००।- बजेट खर्च लेखी विउ बोका १ वटा बाख्रा पाठी १६ वटा खरिद गरी वितरण गरेको छ । खरिद गरिएको बिउ बोका बिउको लागि उपयुक्त भए नभएको सम्बन्धमा सम्बन्धित पशु चिकित्सकबाट प्रमाणित नगरेको साथै पाठी र विउ बोकाको स्वास्थ्य परीक्षण समेत गरेको छैन । जसले गर्दा बिउ बोका बिउको लागि उपयुक्त छ भनी सुनिश्चित हुन सकिएन । पालिकाले यस्तो प्रकृतिको खरिद गर्दा स्वास्थ्य परीक्षण लगायतको परीक्षण गरी खर्चमा मितव्ययिता अपनाएर मात्र खरिद गर्नु पर्दछ ।

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा विभिन्न योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई रोजगारी उपलव्ध गराई रू.५२ लाख ७७ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५६ **लघु उद्यम विकास कार्यक्रम**

५६.१ लागत साझेदारी नभएको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२७,९८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५६.२ **प्रमाण पेश नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५७ **कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५२,७७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **९,१३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८ **स्वास्थ्यतर्फ**

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू.३१,०९,९८७।- को औषधी तथा आयुर्वेदिक औषधी खरिद गरेको छ ।

| **भौचर नं र मिति** | **आपूर्तिकर्ता** | **खरिद विवरण** | **भुक्तानी रकम** | **खरिद विधि** |
|---|---|---|---|---|
| गाउँपालिका चालु | | | | |
| ५९-२०८०।८।१८ | भिमदेवी मेडिसिन सप्लायर्स प्रा.लि. | औषधी खरिद | ९९९६५७ | सोझै खरिद |
| १५०-२०८०।१२।९ | गीताश्विनी प्रोमेड प्रा.लि. | औषधी खरिद | ४५५४२४ | सोझै खरिद |
| १५०-२०८०।१२।९ | भिमदेवी मेडिसिन सप्लायर्स | औषधी खरिद | ५४७३० | सोझै खरिद |
| २८५-२०८१।०३।२१ | ड्रग इन्टरनेशनल फार्मेसी | औषधी खरिद | ६००६८० | सोझै खरिद |
| संघीय सरकार हस्तान्तरित कार्यक्रम चालु | | | | |
| ३१-२०८०।११।०७ | रिदान मेडी कन्सर्न | औषधी खरिद | ९९९४९६ | सोझै खरिद |
| **जम्मा** | | | **३१०९९८७** | |

यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक औषधी आपूर्ति गरी विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्ट्याई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन।

ग) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन ।

घ) औषधीको जिन्सी खाता प्रमाणित छैन ।

ङ) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

च) औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा बिच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर

अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५८.२ **लागत अनुमान भन्दा बढीमा औषधी खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ र ८६ मा सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र प्रस्तावित आपूर्तिकर्ताबाट प्रस्ताव गरिएको मूल्य उचित भए वा नभएको कुरा यकिन गर्न सार्वजनिक निकायले बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरी प्रस्तावित आपूर्तिकर्तासँग वार्ता गर्न सक्ने व्यवस्था छ । पालिकाले औषधी खरिदको लागि रू.८,३७,३२४।९७ लागत अनुमान तयार गरेकोमा श्री रिदान मेडिसिन सप्लायर्स प्रा.लि.सँग रू.९,८५,०८८।२० मा खरिद गरेको देखिन्छ । पालिकाले पेश भएको दरभाउपत्र मध्ये न्यूनतम तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भएको अवस्थामा मात्र सबैभन्दा कम कबोल अंक रहेको दरभाउपत्र स्वीकृतिका लागि छनौट गर्नुपर्दछ । बजार अध्ययन, पूर्व खरिद मूल्य तथा लागत अनुमानका आधारमा दर विश्लेषण नगरी तथा वार्ता नगरी लागत अनुमान भन्दा बढी मूल्यमा रिदान मेडिसिन सप्लायर्ससँग खरिद गरेको देखिन्छ । आपूर्तिकर्ताले लागत अनुमान भन्दा बढी दर प्रस्ताव गरेको अवस्थामा पनि पालिकाले दरभाउपत्र स्वीकृत गरी औषधी खरिद गरेको नियमसंगत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८५,०८८ |

५८.३ **स्वास्थ्य उपकरण खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले साब्लाखु हेल्थ पोष्टको लागि उपकरण खरिद गर्न स्पेशिफिकेशन तयार नगरी तीन सप्लायर्सबाट दर माग गरी औषत मुल्यलाई आधार मानी लागत अनुमान गरेको छ । दरभाउपत्र पेश गर्ने फर्मले उपकरणको स्पेशिफिकेशन खुलाएको नदेखिएकोले कुन गुणस्तरको समानको लागि मूल्य प्रस्ताव गरेको थियो खुल्न सकेन । पालिकाले विना स्पेशिफिकेशन ४० आईटम उपकरण खरिद गरी गोश्वारा भौचन नं. २। २०८०।११।७ बाट आरू सप्लायर्सलाई रू.९,९०,८७६।- भुक्तानी दिएको छ। नेपाल सरकारले तोकेको मापदण्ड अनुसार भएको उल्लेख गरी २०८०।१०।२३ मा दाखिला गरेका उक्त ४० आईटम उपकरण २०८०।१०।२८ को हस्तान्तरण फाराम अनुसार खर्च लेखेकोमा साब्लाखु हेल्थपोष्टले बुझेको र जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०,८७६ |

५८.४ **आमा सुरक्षा कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले भौचर नं. ५२-२०८०।१२।५ बाट आमा सुरक्षा कार्यक्रम अन्तर्गत राज कुमार चौधरीको रू.४८,०००।- को पेश्की फर्स्यौट गरेकोमा श्रेस्ता परीक्षण गर्दा रू.१३,६००।- को मात्र प्रमाण कागजात पेश गरेको देखिएकोले बाँकी रकम रू.३४,४००।- असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,४०० |

## ५९ शिक्षातर्फ

५९.१ **निजी शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि सशर्त अनुदान उपलब्ध गराउने र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले समानीकरण अनुदान समेत समावेश भएको पालिका चालु बजेटबाट निजी शिक्षकहरूको तलब भत्ता अनुदानमा खर्च गर्न मिल्ने देखिँदैन । पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरूबाट पठन पाठन कार्य सञ्चालन गरी निजहरूको तलब भत्तामा खर्च लेखेको अतिरिक्त ३ वटा विद्यालयहरूमा निजी शिक्षकको तलब भत्ता वापत यस वर्ष रू.१०,४२,९०२।- निकासा दिएको देखियो । दरबन्दी स्वीकृत गरेर मात्र शिक्षक नियुक्त गरी भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

५९.२ **स्थानीय भाषा शिक्षक** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्यको बारेमा उल्लेख गरिएको छ । जस अन्तर्गत आधारभुत र माध्यमिक विद्यालय सञ्चालन व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिइएको छ । पालिकाले स्थानीय मातृ भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि पालिका अन्तर्गतका ११ सामुदायिक विद्यालयहरूमा लिम्बु (आनिपान) भाषाको पढाई गर्न भाषा शिक्षक नियुक्ति गरी समानीकरण अनुदान समेत समावेश भएको आन्तरिक श्रोत भौचर नं २७० बाट रू. ६,६०,०००।- विद्यालयहरूलाई अनुदान भुक्तानी गरेको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गर्दै स्थानीय मातृ भाषाको पाठ्यक्रम गाउँ सभाबाट स्वीकृत गरी कार्यविधि सहित कार्यान्वियन गर्नु पर्दछ।

५९.३ **पाठ्यपुस्तक खरिद** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.४.६.१ को बुँदा नं. ५ मा निशुल्क पाठ्यपुस्तक व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयहरूलाई निशुल्क पाठ्यपुस्तक बापतको रकम निकासा दिँदा विद्यालयले पेश गरेको बिल रकमभन्दा बढी निकासा दिएको तथा विद्यालयहरूले बिल पेश नगरेको अवस्थामा पुनः थप रकम निकासा दिएको देखिएकोले बिलभन्दा बढी रकम तथा बिल पेश नगरी थप निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| **क्र.सं.** | **विद्यालयको नाम** | **भुक्तानी भएको रकम** | **बिल रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| १ | श्री जाल्पा प्रा.वि. | ६००८.४ | ३८३७ | २१७१.४ |
| २ | श्री भञ्ज्याङ्ग सेकेन्डरी स्कुल | १९२५३५.५२ | १७९८४९ | १२६८६.५२ |
| ३ | श्री इन्द्रावती आ.वि. | ७९९२.९ | ५०२४ | २६६८.९ |
| **जम्मा** | | | | **१७५२६.८२** |

बिल पेश नगरी पुनः थप रकम भुक्तानी दिएका विद्यालयहरु

| **क्र.सं.** | **विद्यालयको नाम** | **७५ प्रतिशत भुक्तानी रकम** | **थप भुक्तानी गरेको रकम** |
|---|---|---|---|
| १ | श्री जनज्योती बेसिक स्कुल | ३३६३.३ | ११२१.१ |
| २ | श्री सिदिङ्मा प्रा.वि. | १३६४५.०५ | ४५४८.३५ |
| ३ | श्री नवज्योती प्रा.वि. | १०११३.१५ | ३३७१.०५ |
| **जम्मा** | | | **९०४०.५** |

| असुल गर्नुपर्ने | २६,५६७.३२ |
|---|---|

५९.४ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार दरबन्दी व्यवस्थापन गर्नु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | विभिन्न ३९ विद्यालय | १७१ | १६६ | २६२९ |

५९.५ **बढी ग्रेड भुक्तानी** - शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | लेखापरीक्षणको क्रममा तलबी भरपाई परीक्षण गर्दा देहायका शिक्षकलाई तलबी प्रतिवेदनमा पारित ग्रेड भन्दा बढी ग्रेड संख्याका दरले भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको ग्रेड रकम र क.सं.कोष थप समेत सम्बन्धितबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | बढी ग्रेड संख्या | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| श्री निलगिरी मा.वि. | श्री प्रेम प्रसाद घिमिरे | २१ (पर्व खर्चको ३ ग्रेड सहित) | १४५६ | ३३१९७ |
| | श्री लक्ष्मी प्रसाद राई | ३ | १४५६ | ४८०५ |
| **जम्मा** | | | | **३८००२** |

| असुल गर्नुपर्ने | ३८,००२ |
|---|---|

५९.६ **दिवा खाजा बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूको लागि विद्यालयगत संख्यात्मक हाजिरीका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले विद्यालयहरूलाई दिवा खाजा रकम निकासा दिँदा विद्यालयमा उपस्थित विद्यार्थी संख्याको दरले निकासा दिनुपर्ने रकमभन्दा देहायबमोजिम बढी निकासा दिएको रकम विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | उपस्थित विद्यार्थी संख्या | दिन | दर | निकासा दिनुपर्ने रकम | निकासा दिएको रकम | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अम्बिका आ.वि. | ८७ | १८० | १५ | २३४९०० | २५९०८० | २४१८० |
| २ | श्री आगेपा आ.वि. | ५९ | १८० | १५ | १५९३०० | १७५४५५ | १६२०० |
| ३ | श्री खुवा आ.वि. | ७८ | १८० | १५ | २१०६०० | २३२०८० | २१६०० |
| ४ | श्री जलेश्वरी आ.वि. | ३६ | १८० | १५ | ९७२०० | १०७८८० | १०८०० |
| ५ | श्री निलगिरी मा.वि. | ३० | १८० | १५ | ८१००० | ८९१०० | ८१०० |
| ६ | श्री सिदिङ्वा आ.वि. | ३० | १८० | १५ | ८१००० | ८९०४० | ८१०० |
| ७ | श्री सिद्वेश्वरी मा.वि., साङवा | ६५ | १८० | १५ | १७५५०० | १८०९०० | १८९०० |
| ८ | श्री हिरिङटार आ.वि. | ३५ | १८० | १५ | ९४५०० | १०२४६५ | ११७०० |
| **जम्मा** | | | | | | | **११९५८०** |

| असुल गर्नुपर्ने | १,१९,५८० |
|---|---|

५९.७ **बढी तलब निकासा** – शिक्षा नियमावली,२०५९ को नियम १०० मा शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिमको तलब र भत्ता पाउने उल्लेख छ । पालिकाले श्री सिंहेश्वरी मा.वि. का शिक्षक श्री कल्पना न्यौपानेको दोस्रो त्रैमासिकमा तलब स्केल रू.३२९०२।– को दरले २ महिना २ दिनको रू.८१,०४३।६१ निकासा दिनुपर्नेमा रू.९५,६८१।७८ निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम रू.१४,६३८।१७ विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५९.७.१ | श्री सिंहेश्वरी मा.वि. का शिक्षक श्री कल्पना न्यौपाने | १४,६३८ |

| असुल गर्नुपर्ने | १४,६३८ |
|---|---|

## ६० प्रमाण पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको भौचरबाट रकम भुक्तानी गर्दा आवश्यक प्रमाण संलग्न गरेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने रू.

| भौचर नं | भुक्तानी पाउनेको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| २८५ | जित मेडिको फर्मा | अपांगता भएका व्यक्तिलाई बैशाखी खरिद | १९८८०० | ७१ वटा बैशाखी २८०० को दरले खरिद गरेकोमा वितरण गरेको भरपाई संलग्न नभएको |
| २६३-२०८१।०३।०९ | हरि ओम उद्योग | १०० थान फोल्डिङ कुर्सी खरिद | ३०७९९९ | खरिद आदेश र जिन्सी दाखिला नभएको |
| २५३-२०८१।०३।१७ | देवी काष्ठ फर्निचर उद्योग | वडा नं १ कार्यालय फर्निचर खरिद | १८९९५३ | पालिकामा जिन्सी दाखिला नभएको |
| **जम्मा** | | | **६९६७५२** | |

| प्रमाण पेश नगरेको | ६,९६,७५२ |
|---|---|

## ६१ घरभाडा

गाउँपालिकाले मिति २०८०।०८।०१ मा घरभाडाको लागि प्रकाश तामाङसँग मिति २०८०।०८।०१ देखि २०८२ असार मसान्तसम्म मासिक रू.३०,०००।- का दरले भुक्तानी गर्ने गरी सम्झौता गरेको देखिन्छ । भुक्तानी गर्दा मिति २०८० मंसिर देखि २०८१ असार मसान्तसम्म ८ महिनाको रू.२,४०,०००।- भुक्तानी हुनुपर्नेमा भौचर नं १८७ बाट रू.१,५०,०००।- र भौचर नं २८० बाट रू.१,२०,०००।- गरी रू.२,७०,०००।– भुक्तानी गरेको देखिएकोले १ महिनाको बढी रू.३०,०००।- मा १० प्रतिशत कर कट्टा गरेकोले रू.२७,०००।- घरवेटी प्रकाश तामाङबाट असुल गर्नुपर्ने रू.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६१.१ | घरधनी प्रकाश तामाङ | २७,००० |

| असुल गर्नुपर्ने | २७,००० |
|---|---|

## ६२ मिल खरिद (३३३-२०८१।०३।२४)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३२६,६००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३२६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३ **कार्यक्रमको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकासतर्फ कार्यक्रम बजेट स्वीकृत गरी खर्च गरेकोमा कृषि तथा पशु कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि नबनाएको साथै कार्यक्रमको अनुगमन गरी, अनुदानको सहि सदुपयोग संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधारको मापन गरी प्रतिवेदन तयार गरेको देखिएन। कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि तयार गरी सो बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने र संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| **सि.नं.** | **भुक्तानी विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | लैनो गाई गोठ सुधार साझेदार कार्यक्रम | ३८८००० |
| २ | टनेल सहित खुर्सानी खेती | १९३४५० |
| ३ | टनेल सहित तरकारी खेती | २४२५०० |
| ४ | मागमा आधारित कार्यक्रम | ४००००० |
| ५ | मौरी प्रवर्द्धन कार्यक्रम | ४९८९९८ |
| ६ | पुरानो नर्सरी विकास (नयाँ ठाउँमा संरचना निर्माण) कार्यक्रम । | ७००००० |
| ७ | कृत्रिम गर्भधान मिसन कार्यक्रम | २५०००० |

६४ **अनुत्पादक खर्च**

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनोट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका अनुत्पादक कार्यक्रम सञ्चालन गरेको देखियो । पालिकाको यसवर्ष आन्तरिक आय रु.३० लाख ६८ हजार रहेकोमा खेलकुद कार्यक्रममा मात्र रु.५७,५२,४५३।- खर्च गरेको छ । जुन आन्तरिक आयको १८७.४९ प्रतिशत रहेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| **कार्यक्रमको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|
| प्रथम सिदिङ्वा कप भलिवल प्रतियोगिता (अन्तरपालिका स्तरीय) | खेलकुद कार्यक्रम | २५००००० |
| प्रथम सिदिङ्वा रनिङ शिल्ड अन्तर पालिका भलिबल प्रतियोगिता, २०८० | खेलकुद कार्यक्रम | ८०२४५३ |
| बिभिन्न खेलकुद प्रतियोगितामा सहभागिता तथा व्यवस्थापन | खेलकुद कार्यक्रम | १५००००० |
| जिल्ला स्तरीय रष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभगिता | खेलकुद कार्यक्रम | ५००००० |
| रष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | खेलकुद कार्यक्रम | ४५०००० |

६५ **अतिरिक्त समय खाजा खर्च**

सिदिङ्वा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को निर्देशन नं ५ मा कार्यालय समयमा सम्पादन हुन नसक्ने भनी प्रमुख प्रशासकीय अधिकृतले तोकेको निर्दिष्ट कामको लागि मात्र कार्यालय समय अघि वा पछि कार्यालयको अन्य काममा लगाउन सकिने, अतिरिक्त समयमा काम गर्नुपर्ने भएमा सार्वजनिक विदाको दिन प्रतिदिन प्रतिव्यक्ति बढीमा रू.छ सय र कार्यालय खुल्ने दिनमा प्रतिदिन प्रतिव्यक्ति बढीमा रू.तीन सय खाजा खर्च उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले अन्य भत्ता तथा संचार शीर्षकबाट रू.६,१०,०९०।– खर्च लेखेकोमा अतिरिक्त समय काम गरे वापतको खाजा खर्च र सञ्चार खर्चको छुट्टाछुट्टै विवरण राखेको छैन । अतिरिक्त समय काम गरे वापतको रकम भुक्तानी गर्ने गरेकोमा पालिकामा ई-हाजिरी लागू भएको देखिएन । पालिकाले देहायबमोजिमको कर्मचारीलाई अतिरिक्त समय काम गरे वापतको खाजा खर्च भुक्तानी दिएकोमा हाजिरी रजिष्टर परीक्षण गर्दा हाजिरी रजिष्टरमा उक्त कर्मचारीको हाजिर नभएको देखिएकोले कार्यालयमा उपस्थित नभएको कर्मचारीलाई अतिरिक्त समय काम गरेको भनि खाजा खर्च वापत भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| **भौचर नं** | **नाम** | **विवरण** | **रकम** | **असुल गर्नुपर्ने रकम** |
|---|---|---|---|---|
| १९७ | श्री कुशल खतिवडा | २०८०।०५।८ र ९।०६ मा बिदा | २* ३०० | १०२० |
| | | २०८०।११।२१ र २२ विराटनगर काज | २* ३०० | |

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२० |

६६ **घटी कर कट्टा**

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

| **क्र.सं.** | **भौचर नं** | **विवरण** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **कर कट्टी गर्नुपर्ने रकम** | **करकट्टा गरेको रकम** | **असुल गर्नुपर्ने रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | १९३ | सहभागी भत्ता | १३ औं हिउँदे सभामा सहभागीहरू ६१ जना | ६१००० | ९१५० | ० | ९१५० |

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१,०२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१५० |

६७ **प्राविधिक प्रतिवेदन**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२४३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६८ **इन्धनको रकम बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **७८,४७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **भ्रमणको अवधिको स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहाबमोजिमका कर्मचारीहरू भ्रमणमा रहि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवस्थाको समेत स्थानीय भत्ता भुक्तानी गरेको देखिएकोले दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्ने रू.

| **भौचर नं.** | **कर्मचारीको नाम** | **दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवधि** | **दिन** | **मासिक स्थानीय भत्ता दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १२५ | श्री रमेश कुमार शाह | मिति २०८०।६।११-६।१७ सम्म (सिराह) | ७ | | |
| | | मिति २०८०।१०।२-११।१० सम्म(सुनसरी) | १० | | |
| | | जम्मा दिन | १७ | ५५१० | ३१२२ |
| ५५ | श्री कुशल खतिवडा | मिति २०८०।५।१-५।७(विराटनगर) | ७ | | |
| | | मिति २०८०।६।२-६।८(विराटनगर) | ७ | | |
| | | मिति २०८०।६।२७-७।२(काठमाडौं) | ७ | | |
| | | जम्मा | २१ | ४६०० | ३२२० |
| **कुल जम्मा** | | | | | ६३४२ |

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **८,८१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६,३४२ |
|---|---|

७० **भ्रमण खर्च**

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७१ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा आवश्यक प्रमाण बेगर भुक्तानी लेखेको देखियो । प्रमाण पेश हुनु पर्ने रू.

| गो. भौ. नं.र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ८७- २०८० / १० / २१ | आधारभूत तहका विद्यार्थीका लागि ट्याकसुट/ स्कुल व्याग खरिद | ९९४९९२ | विद्यार्थीको लागि स्कुल व्याग न्यू अर्डर सप्लायर्स भ्याट नं. ८०१०१५०७१०१ बाट खरिद भएको १६११ परिमाणको प्रतिइकाई रु ५४६. ५६ पर्ने स्कुल व्याग वितरणको कागजात पेश नभएको । |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९४,९९२ |

७२ **स्थानीय भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको च.नं.५ मिति २०७१।०४।२ को पत्रानुसारको बुँदा नं २ अनुसार कार्यरत जिल्ला भित्र स्थायी बसोबास भएका निजामती सेवाका कर्मचारीहरूले तोकिएको स्थानीय भत्ता रकमको २५ प्रतिशतका दरले मात्र स्थानीय भत्ता पाउने उल्लेख छ । पालिकाले सम्पुर्ण स्थायी कर्मचारीहरूलाई स्थानीय भत्ताको अधिकतम रकम भुक्तानी दिएकोमा कर्मचारीहरूको स्थायी ठेगानाको विवरण माग गरेकोमा विवरण प्राप्त नभएकोले स्थानीय भत्ता बढी भुक्तानी भए/नभएको सम्बन्धमा यकिन गर्न सकिएन । मन्त्रालयको पत्रानुसार जिल्ला भित्र स्थायी बसोबास भएका कर्मचारीहरूलाई तोकिए बमोजिम २५ प्रतिशतका दरले मात्र स्थानीय भत्ता भुक्तानी गर्नुपर्दछ ।

७३ **करार कर्मचारी महंगी भत्ता**

करारको सम्झौता बमोजिम भुक्तानी दिनुपर्दछ । गाउँपालिकाले २०८०।०३।२९ तथा विभिन्न मितिमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूसँग गरेको सम्झौतामा महंगी भत्ता भुक्तानी दिने उल्लेख नभएकोमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० राजपत्रमा प्रकाशित मिति २०८०।०९।२२ मा अस्थायी तथा करार कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था गरेको भनी देहायबमोजिमको कर्मचारीलाई २०८० पौष तथा माघ महिनाको तलब भुक्तानी दिँदा महंगी भत्ता समेत भुक्तानी दिएको देखियो । ऐन लागू हुनु भन्दा अगाडीको मितिदेखि तथा करार सम्झौतामा उल्लेख नभएको महंगी भत्ता भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८६० |

७४ **करार सम्झौताभन्दा बढी सुविधा**

करारको सम्झौता बमोजिम भुक्तानी दिनुपर्दछ । गाउँपालिकाले मिति २०८० असार २९ मा सूचना प्रविधि अधिकृत (छैटौं तह) सँग गरेको करार सम्झौतामा मासिक रू.४३६८९।-, पोशाक भत्ता रू.१००००।- र १ महिनाको तलब बराबर चाडपर्व खर्च भुक्तानी दिने उल्लेख गरेकोमा मासिक स्थानीय भत्ता समेत थप गरी भुक्तानी गरेको देखियो । सम्झौतामा उल्लेख नभएको स्थानीय भत्ता भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

| नाम | स्थानीय भत्ता दर | महिना | रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| श्री सेमन्त भट्टराई | ३९४० | २०८० श्रावण देखि २०८० चैत्र सम्म (९ महिना) | ३५४६० | ३५१०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,१०५ |

७५ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **पदाधिकारी चाडपर्व खर्च**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (४) मा स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँपालिकाका सदस्यहरूले रू.१० हजार नबढ्ने गरी सभाले स्वीकृत बजेटको सीमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाइने उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका सदस्यहरूलाई चाडपर्व खर्च बापत जनही रू.१० हजारका दरले चाडपर्व बापत रू.३,९०,०००।- खर्च लेखेकोमा पालिकाले सोको कार्यपालिका निर्णय गरेको पाइएन । साथै आन्तरिक आम्दानी न्यून रहेको यस पालिकाले सो खर्च राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त रकमबाट खर्च लेखेको पाइयो । ऐनमा भएको व्यवस्था पालना गरेर मात्र खर्च लेख्नु पर्दछ ।

७७ **अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **भ्रमण भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७९ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका उदाहरणहरू यसप्रकार छन्:

| भौचर नं. र मिति | उपभोक्ता समितिको नाम | बिल पेश गर्ने निर्माण व्यवसायी | बिल रकम (भ्याट सहित) | बजेट खर्च रकम |
|---|---|---|---|---|
| ४१-२०८०/११/१४ | बुरुमखिम टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ६२७१४३ | ७००००० |
| ४४-२०८०/११/२१ | बुरुमखिम आधारभूत विद्यालय | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | २१३८३३ | २००००० |
| ४९-२०८०/११/२२ | बुरुमखिम टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ३६१०८२ | ३९४४८८ |
| ५०-२०८०/११/२२ | बुरुमखिम टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ९०३८५० | १०००००० |
| ५४-२०८०/१२/०१ | सिव्रेक टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | ३६७२२० | ३००००० |
| ५६-२०८०/१२/०१ | सिव्रेक टोल विकास संस्था | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स | ४७६७९४ | ४००००० |
| ५८-२०८०/१२/०१ | लसुने टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ९१०१२५ | ९९९४३० |
| ६१-२०८०/१२/०५ | साब्लाखु वरडाँडा टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ६००९७५ | ५००००० |
| ६७-२०८०/१२/१० | सादेवा टोल विकास संस्था | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स | ४८२९०९ | ३९९१८२ |
| ७९-२०८०/१२/१३ | सादेवा टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | २४४७८५ | २००००० |
| ८२-२०८०/१२/१३ | लसुने टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | ५२९८१६ | ५००००० |
| ८८-२०८०/१२/१५ | सादेवा टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | ८३४२५३ | ६९६१६६ |
| ९२-२०८०/१२/१५ | बुरुमखिम टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ५७५३५४ | ५००००० |
| १०१-२०८०/१२/१५ | आंगेपा टोल विकास संस्था | वायुल निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | ५७८५९४ | ५००००० |
| १०३-२०८०/१२/१५ | साम्यावा युप्पावा टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | २४९७२४७ | २०९२४४४ |
| १०६-२०८०/१२/१६ | साब्लाखु वरडाँडा टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | १०६९०७६ | ९००००० |
| ११६-२०८१/०३/१५ | खत्री गाउँबाट ठोट्ने हुँदै थामडाँडा कालीपोखरी जाने मोटरबाटो निर्माण उपभोक्ता समिति | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ४०४६७८ | ३४९८८५ |
| १६७-२०८१/०३/२१ | कालिखोला टोल विकास संस्था | तेम्बे निर्माण सेवा | ११९२५०८ | ९९६३७७ |
| १७०-२०८१/०३/२१ | सादेवा टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | २९८४१९ | २४९१२० |
| १७२-२०८१/०३/२२ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ११८६५०० | ९९७५६१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १७३-२०८१/०३/२२ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ५९३२५० | ४९८१५९ |
| १७७-२०८१/०३/२२ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ९५४८५० | ७९८४९४ |
| १७९-२०८१/०३/२२ | सिब्रेक टोल विकास संस्था | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स | ३५४८२० | २९७२४८ |
| १८०-२०८१/०३/२२ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | २३७३०० | १९९४१७ |
| १८१-२०८१/०३/२२ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ५९३२५० | ४९८६०८ |
| १८७-२०८१/०३/२३ | खुवा माङ्देन टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ११५२६०० | ९६९४५४ |
| १८८-२०८१/०३/२३ | थुङ्म्बा टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ५९६६४० | ४९६२३४ |
| १९२-२०८१/०३/२३ | थुङ्म्बा टोल विकास संस्था | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ४८७५९५ | ३९८५९४ |
| १९४-२०८१/०३/२३ | लसुने टोल विकास संस्था | याङ्तारु निर्माण सेवा | ४७४४१६ | ३९८४२९ |

८० **छुर्पि प्रवर्धन कार्यक्रम- सम्झौताभन्दा बढी भुक्तानी**

प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरूमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन तथा कार्यक्रम सञ्चालन गर्ने फर्मबीच भएको सम्झौतामा अनिवार्य रुपमा न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता गर्नु पर्ने उल्लेख छ । पालिकाले प्राप्त सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शनमा उल्लेख भएअनुसार छुर्पि प्रवर्धन कार्यक्रमको छुर्पि उत्पादन सम्बद्ध भौतिक पूर्वाधार निर्माण कार्य गर्दा मार्गदर्शन तथा सम्झौतामा तोकेको न्यूनतम लागत सहभागिता अंश कम गरी कार्यक्रम सञ्चालन गर्ने फर्मलाई व्यहोर्नु पर्ने अंश २५ प्रतिशत भन्दा कम कट्टा गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको छ । यसरी कार्यलयले व्यहोर्नु पर्ने अंश ७५ प्रतिशतभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने फर्मबाट असुल गरी प्रदेश संचितकोष दाखिला हुनु पर्ने रू.

| गो.भौ.नं.-मिति | कार्यक्रम सञ्चालन गर्ने फर्म | सम्झौता रकम | कार्यसम्पन्न रकम | बिल भरपाई पेश भएको रकम | कार्यालयबाट भएको भुक्तानी | हुनु पर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६-२०८१/०३/१८ | तिम्बुङ पोखरी दुध डेरी उद्योग | ४५८१२५ | ४५८५४५ | ४५६७७९ | ३६५४६२ | ३४२५८४ | २२८७७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२३,१९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३७,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२२,२३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१४,१७७**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३२,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२२,४१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२२,९०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१७,२७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८७७ |

८१ **कृषि शाखा व्यवस्थापन (२१५-२०८१/०३/२४)**

**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले कृषि शाखा व्यवस्थापनको लागि जनश्रमदान समेत रू.५,०६,०७२।८३ को प्राविधिक मूल्यांकन भएको र जनश्रमदान वापतको रू.९२,८२२।८३ कट्टी पश्चात साम्यावा युप्पावा टोल विकास संस्थालाई भुक्तानी दिँदा कन्टिन्जेन्सी रू.१३,०५०।-, मर्मतसम्भार कोष रू.८,७००।- र अग्रिम आयकर रू.७,१२१।५४ कट्टी गरी रू.३,८४,३७८।४६ भुक्तानी दिनु पर्नेमा रू.४,२१,९५०।०१ बजेट खर्च लेखी मर्मतसम्भार कोष रू.८,७००।- र अग्रिम आयकर रू.७,१२१।५४ मात्र कट्टी गरी रू.४,०६,१२८।४७ भुक्तानी दिएकोले संस्थालाई रू.२१,७५०।- बढी भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित टोल विकास संस्थाबाट असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,७५० |

८२ **बिउ राँगा र गोरु खरिद (१९६-२०८१/०३/२४)**

पालिकाको स्वीकृत कार्यक्रम (बिउ राँगा र गोरु खरिद) अनुसार लक्ष्मी कृषि तथा पशुपंक्षी फर्मबाट १ वटा राँगा र १ वटा गोरु प्रति गोटा रू.१,०५,०००।- का दरले खरिद गरी बरडाँडा टोल विकास संस्थालाई रू.२,००,०००।- बजेट खर्च लेखि रू.१,८६,७९७।- भुक्तानी दिएको छ । खरिद गरिएको फर्मलाई सोझै भुक्तानी दिनु पर्नेमा टोल विकास संस्थालाई भुक्तानी दिएको नियमसम्मत देखिदैन् । साथै खरिद गरिएका राँगा र गोरु बिउको लागि उपयुक्त भए नभएको सम्बन्धमा सम्बन्धित पशु चिकित्सकबाट प्रमाणित नगरेको साथै सो राँगा र गोरुको स्वास्थ्य परीक्षण समेत गरेको छैन । जसले गर्दा बिउ राँगा र गोरु बिउको लागि उपयुक्त छन् भनी सुनिश्चित हुन सकिएन । पालिकाले यस्तो प्रकृतिको खरिद गर्दा स्वास्थ्य परीक्षण लगायतको परीक्षण गरी खर्चमा मितव्ययीता अपनाएर मात्र खरिद गर्नु पर्दछ ।

८३ **कवर्ड हल व्यवस्थापन (१३७-२०८१/०३/०९)**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१५७,१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८४ **सहकारीबाट चुलो वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले नोरुङ्गा विद्युत सहकारी व्यवस्थापन तथा मिटर बक्स खरिद शीर्षकमा रू.३,४०,०००।- बजेट विनियोजन गरी मिटरबक्स खरिद र जडान तथा इन्डक्सन चुलो खरिद तथा विवरण भएको कागजात पेश गरी गो.भौ.नं.२१२ मिति २०८१/०३/२४ बाट रू.३,२०,३०१।८१ बजेट खर्च लेखि विभिन्न कट्टी गरी रू.२,९८,७०८। ८३ भुक्तानी दिएको छ । भुक्तानीको लागि पेश भएका बिल भरपाईको परीक्षण गर्दा मिटरबक्स जडान वापतको ज्याला रू.५५,२००।-, ४० थान इन्डक्सन चुलो खरिदको बिल रू.१,४५,९९६।-, मिटर सिल सामान खरिदको बिल रू.५,८००।-, नेपाल विद्युत प्राधिकरण ताप्लेजुङ वितरण केन्द्रबाट जारी भएका ६ वटा बिलको रकम रू.१,३१,०५८।३६ को गरी जम्मा रू.३,३८,०५४।३६ को बिल भरापई स्रेस्तासाथ संलग्न छ । साथै मिटरबक्स खरिद अनुदान भनी ५० जनालाई प्रतिव्याक्ति रू.२,११५।- का दरले नगद बुझाएको भरपाई र इन्डक्सन चुलो खरिद अनुदान वापत २५ जनालाई प्रति व्याक्ति रू.२,०००।- का दरले बुझाएको भरपाई स्रेस्तासाथ संलग्न छ । खरिद भएको इन्डक्सन चुलो ४० थान वितरण भएको कुनै प्रमाण कागजात स्रेस्तासाथ राखिएको छैन् । मिटरबक्स कति संख्यामा खरिद भएको हो र कति घरपरिवारमा जडान भएको हो सो समेत खुल्ने कुनै प्रमाण कागजात छैन् । मिटरबक्स तथा इन्डक्सन चुलो खरिद गरी वितरण गर्ने कार्यका लागि पालिकाले आफ्नो कर्मचारी मार्फत विपन्न नागरिक छनौट गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेमा सो गरेको देखिएन । मिटरबक्स खरिद अनुदान भनी भरपाई गराई ५० जनालाई वितरण गरेको रकम र इन्डक्सन चुलो खरिद भनी २५ जनालाई वितरण गरेको रकम सो प्रयोजनार्थ खर्च भए वा नभएको तथा सहकारीले खरिद गरेका इन्डक्सन चुलोहरू वितरण भएको भरपाईका सम्बन्धमा पालिकाले छानविन गरी सोको प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२०,३०१ |

८५ **ननफाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) बमोजिम करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा १८(१ख) मा मूल्य अभिवृद्धि कर विवरण पेश गर्ने र पठाउने कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहे अनुसार निम्नानुसारको फर्मले मासिक र त्रैमासिक रुपमा विवरण पेश गर्नु पर्नेमा सो नगरी यस पालिकासँग आर्थिक वर्ष २०८०/८१ मा कारोवार गरेकोमा हालसम्म पनि कर विवरण पेश नगरेको विद्युतिय पान विवरण हेर्दा देखियो । कानुन बमोजिम बुझाउनु पर्ने कर नबुझाएकोले निम्नानुसारका करदातालाई भुक्तानी दिएको रू.६६९११५।४५ को मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.

| **गो.भौ.नं.-मिति** | **करदाता** | **प्यान नं.** | **ननफाइलर मिति** | **वीजक नं.-मिति** | **१३ प्रतिशत मु°अ° कर** | **भुक्तानी ( ७०% मु°अ° कर)** |
|---|---|---|---|---|---|---|
| गाउँपालिका पुँजीगत | | | | | | |
| २६-२०८०/१०/२५ | सुनकोशी निर्माण सेवा प्रा.लि. | 300329577 | Non-filer since 2080/T/2 | ०२-उल्लेख नभएको | ८६८६० | ६०८०२ |
| ३४-२०८०/११/०२ | सुनकोशी निर्माण सेवा प्रा.लि. | 300329577 | Non-filer since 2080/T/2 | ००२-२०८०/१०/२६ | ८६९०१९.२२ | ६०८३१३.४५ |
| **जम्मा** | | | | | ९५५८७९.२२ | ६६९११५.४५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **७६,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३७०,५९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **८६,३४९**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३८,३९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३८,८८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **७५,०५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५७,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२५,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६९,११५ |

८६ **वडा कार्यालयको सामग्री टोल विकास संस्था मार्फत खरिद**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार लाभग्राही समुदायबाट काम गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा लाभग्राही समुदायबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम लाभग्राही समुदाय मार्फत गर्न सकिने उल्लेख छ । तर लाभग्राही समुदायबाट पालिकाले कुनै मालसामान खरिद वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले वडा नं २ को कार्यालय व्यवस्थापनका लागि आवश्यक कार्यालय सामग्रीहरू(अफिस टेबल, कर्नर सोफा, कार्पेट आदी)को खरिद कार्य सादेवा टोल विकास संस्था मार्फत गराई रू.४,८९,९९७।- भुक्तानी दिएको छ । टोल विकास संस्थाले खरिद गरेका सामग्रीहरू वडा कार्यालयलाई हस्तान्तरण गरेको र पालिकाले जिन्सी दाखिला गरेको देखिएन । टोल विकास संस्था मार्फत खरिद गर्ने कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । साथै टोल विकास संस्थामार्फत खरिद गरेका सामग्रीहरू PAMS मा जिन्सी दाखिला गरी नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ४,८९,९९७ |

८७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष नियमावलीले तोकेको सीमाभन्दा बढीको खरिद कार्य एउटै आपूर्तिकर्ताबाट गरेको नियमसम्मत नभएको रू.

| गो भौ नं | बजेट उपशीर्षक | भुक्तानी पाउनेको नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| २६ | गा.पा.चालु | पूर्वाञ्चल सप्लायर्स | मसलन्द खरिद | २०१९०८ |
| २८ | गा.पा.चालु | पूर्वाञ्चल सप्लायर्स | मसलन्द खरिद | २९१८५६ |
| १०५ | गा.पा.चालु | पूर्वाञ्चल सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री खरिद | ४२२३९४ |
| १७९ | गा.पा.चालु | पूर्वाञ्चल सप्लायर्स | सामग्री खरिद | ३०९६२० |
| | जम्मा | | | १२२५७७८ |
| ३ | कृषि चालु | भट्टराई एग्रो भेट सेन्टर | औषधि खरिद | ८७१५०० |
| ३५ | गा.पा. चालु | भट्टराई एग्रो भेट सेन्टर | औषधि खरिद | ७००००० |
| ७० | गा.पा. चालु | भट्टराई एग्रो भेट सेन्टर | पशु औषधि खरिद | ९००००० |
| | जम्मा | | | २४७१५०० |
| | कुल जम्मा | | | ३६९७२७८ |

| | |
|---|---|
| अनियमित भएको | ३६,९७,२७८ |

८८ **रितपूर्वकको कर बीजक**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा फोटोकपी बिल तथा हातले लेखेको विजक पेश भएको आधारमा भुक्तानी दिएको देखिएको र लेखापरीक्षणको क्रममा फोटोकपी बिलको सक्कल बिल पेश हुन नआएकोले बेरितको बीजकबाट भएको भुक्तानीमा संलग्न फोटोकपी बिलको सक्कल बिल र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रू.

| गो.भौ.नं.-मिति | बीजक जारी गर्ने निर्माण व्यावसायी/फर्म | प्यान नम्बर | जारी गरेको बीजक नं. र मिति | बिल रकम (भ्याट समेत) | मूल्य अभिवृद्धी कर रकम | बीजकको स्थिती |
|---|---|---|---|---|---|---|
| १८९-२०८१/०३/२३ | फालेलुङ्ग कन्चनजंघा निर्माण सेवा | ६०८००१५१३ | ६-२०८१/०३/२१ | ९३१०८७ | १०७११६ | फोटोकपी बिल संलग्न गरी भुक्तानी दिएको । |
| १९१-२०८१/०३/२३ | तुम्येहाङ निर्माण सेवा प्रा.लि. | ६०१६२२००५ | १८-२०८१/०३/२१ | ३३३३५० | ३८३५० | |
| १९७-२०८१/०३/२४ | अकिला कन्स्ट्रक्सन प्रा.लि. | ६१०१०७२१४ | ००२-२०८१/०३/२० | ७१८५०६ | ८२६६० | |
| २११-२०८१/०३/२४ | सेवारो निर्माण सेवा | ६१४६०१८४० | उल्लेख नभएको-२०८१/०३/२१ | ९५४८५० | १०९८५० | |
| १७८-२०८१/०३/२२ | भञ्ज्याङ निर्माण सेवा एण्ड सप्लायर्स | ६१०४५३४७० | ६६-२०८१/०३/१८ | १९७२७५ | २५६४५ | बीजक नम्बर हातले लेखी जारी गरेको । |
| १८०-२०८१/०३/२२ | | | ६४-२०८१/०३/१८ | २१०००० | २७३०० | |
| १८१-२०८१/०३/२२ | | | ६५-२०८१/०३/१८ | ५२५००० | ६८२५० | |
| १८४-२०८१/०३/२३ | | | केरमेट-२०८१/०३१५ | ८८७०० | ११५३१ | |
| १९३-२०८१/०३/२३ | | | ६९-२०८१/०३/१८ | २२७२५० | ७५०७ | |
| ३३६-२०८१।०३।२४ | युमन सोलार एण्ड इलेक्ट्रोनिक्स सेन्टर प्रा.लि. | ६०९८७३९३५ | २०, २०८०।०९।१५ | ९९२१४ | ११४१४ | बिजक केरमेट गरेको |
| २१७-२०८१।०२।१४ | प्रेस नेटवर्क मेनेजमेन्ट | ६१०१३९७३० | ४७, २०८१।०१।०९ | ५९६००० | ६८५६६ | मू.अ.कर रकम उल्लेख गर्नुपर्ने स्थानमा रकम उल्लेख नगरेको |
| **जम्मा** | | | | **४८८१२३२** | **५५८१८९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५८,१८९ |

## ८९ कोटेशनबाट निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) बमोजिम सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना गर्नु पर्नेमा सो नगरी पालिकाले निम्नानुसार खरिद गरेको देखिएको छ । खरिद ऐन, नियमले गरेको व्यवस्थाको पालना गरेर खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं.-मिति | निर्माण व्यवसायी | खरिद/कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| गाउँपालिका पुँजीगत | | | |
| ५-२०८०/०६/२८ | दुर्बीच निर्माण सेवा प्रा.लि. | बाटो मर्मत तथा सुधार सिदिङ्वा-१ | ५३२३९१ |
| ४६-२०८०/११/२१ | | | ४२२४०० |
| ६-२०८०/०६/२९ | रोहन निर्माण सेवा | साब्लाखु लिम्बुदिन मेहेले सुरुम्खिम चर्चडाँडा | ९८६९८८ |
| ७-२०८०/०६/२९ | डि.एम. निर्माण सेवा | साब्लाखु आंखोप सादेवा मोटर बाटो मर्मत | ९७८९४३ |
| ८-२०८०/०६/२९ | पिटर विल्डर्स | ४ नं. वडा भरीको मोटरबाटो मर्मत | ९५०३५७ |
| १४-२०८०/०६/२९ | याङ्तारु निर्माण सेवा | साब्लाखु वडा कार्यालयदेखि साविक साब्लाखु १२३ जोड्ने मोटरबाटो निर्माण | ९२९५०३ |
| १५-२०८०/०६/२९ | बजगाई कन्सट्रक्सन | थर्पु-वर डाँडा-कात्तिके साब्लाखु जोड्ने सडक मर्मत | ४०६४४७ |
| २१-२०८०/०८/२८ | कान्छीहाङमा निर्माण सेवा | ५ नं. वडा भरी आवश्यक ठाउँमा सडक मर्मत तथा ग्याविन, नाली मर्मत | ९४८८२९ |
| २२-२०८०/०८/१७ | बजगाई कन्सट्रक्सन | चोक्रिम्बा अमरपोखरी सडक मर्मत तथा यामुना आ.वि. देखि सिनाम जोड्ने नया घर गोलाईमा ग्याविन जाली निर्माण | ४२२३८३ |
| ७०-२०८०/१२/१२ | बासुदेव जि निर्माण सेवा | धारा नेपाले सिदिङ्वा-धाम मोटरबाटो निर्माण | ९४९२३४ |
| ७२-२०८०/१२/१२ | तेम्बे निर्माण सेवा | साविक ३ नं. तेम्बुक जाने मोटरबाटो निर्माण तथा मर्मत | ४५५१९७ |
| १६८-२०८१/०३/२१ | साँवा कन्स्ट्रक्सन | नेवारे वडा कार्यालय जाने मोटरबाटो निर्माण | ९३२०५१ |
| १८९-२०८१/०३/२३ | फालेलुङ्ग कञ्चनजंघा निर्माण सेवा | सिंहेदिन देखि बहडरे जोड्ने मोटरबाटो निर्माण | ९७३४१४ |
| २११-२०८१/०३/२४ | सेवारो निर्माण सेवा | सिलसिले-जलेश्वरी-बुङरुङ जोड्ने मोटरबाटो निर्माण | ९८२८९८ |
| **जम्मा** | | | **१०८७१०३५** |

## ९० जिन्सी दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा खरिद गरेका निम्नानुसारका जिन्सी मालसामान PAMS मा दाखिला गरेको देखिएन । खरिद गरेका मालसामान सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) मा दाखिला गरी सोको प्रमाण पेश गर्नु पर्ने रु.

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| २७-२०८०/१०/२५ | इन्टरनेट जडानको लागि व्याकअप तथा इन्भटर खरिद | ३८९९९९ |

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७६९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३९२,९००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८९,९९९ |

९१ **प्राविधिक नापजाँच**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने बिल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पाईप र ग्याविन खरिदमा कुनै आवश्यकताको अनुमान नगरी जनसहभागिता अंश बेगर पालिकाबाट मात्र खरिद गर्ने र मागको आधारमा वितरण गर्ने गरेको पाईयो । जनसहभागिताको अंश छुट्याउने र वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा खरिद गरेका निम्नानुसारको पाईप पालिकाको जिन्सीमा मौज्दात राखेको देखिन्छ । पाईपहरू उपयोग तथा जडान भएको नापी किताव लेखापरीक्षणमा पेश भएन । अत: कार्यालयको मौज्दातमा रहेका पाईपलाई समेत आवश्यकताका आधारमा वितरण गरी उपयोग तथा जडान भएको नापी किताव समेत पेश गर्नुपर्ने रू.

| गो.भौ.नं.-मिति | कार्यक्रम | विवरण | रकम |
|---|---|---|---|
| १७८-२०८१/०३/२२ | वडा कार्यालयमा भैपरी आउने कोष | HDPE 40mm 280kg, 32mm 226kg and 20mm 101kg पाईप खरिद | २००००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू **९५१,४३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू **९४१,८०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

९२ **जस्तापाता खरिद (६२-२०८०/१२/०६)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने बिल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले लक्षित वर्गका लागि जस्तापाता खरिद तथा वितरण कार्यक्रमका लागि शिव आइरन स्टोर्स प्रा.लि.बाट २२४ बन्डल जस्तापाता खरिद गरेकोमा लेखापरीक्षणको क्रममा १२४ बन्डल मात्र वितरण गरेको भरपाई पेश गरेको तथा सो वितरण भएको जस्ता प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्राविधिक जाँच गरेको प्रतिवेदन पेश भएको छैन् । खरिद गरेको सम्पूर्ण जस्तापाता आवश्यकताको आधारमा वितरण गरी सो जस्तापाता प्रयोग भएको प्राविधिक जाँच गरी सम्पूर्ण कागजात पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,७७,००० |

९३ **पर्यटन प्रवर्द्धन डकुमेन्ट्रि निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले पर्यटकीय क्षेत्र प्रवर्द्धन गर्न डकुमेन्ट्रि निर्माण वापत समाज रुपान्तरण मिडिया हाउस प्रालि लाई गौ.भौ.न. ३८ बाट रू.१,००,०००।- बजेट खर्च लेखि अग्रिम आय कर वापत रू.१,५००।- कट्टा गरी रू. ९८,५००।- भुक्तानी दिएको छ । स्रेस्ता परिक्षण गर्दा निर्माण भएको डकुमेन्ट्रि पालिकाले पेश गरेको छैन ।

डकुमेन्ट्रि प्रयोजनमा बजेट खर्च लेखि भुक्तानी दिएको तर डकुमेन्ट्रि प्राप्त नगरी भुक्तानी दिएको नियमसम्मत देखिदैन । डकुमेन्ट्रि पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

९४ **कार्यसम्पादन जमानतको म्याद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । साथै सोही दफामा कार्य सम्पादनको म्याद सम्झौतामा रहेको त्रुटी सच्याउने अवधी भन्दा एक महिना बढीको हुनु पर्ने व्यवस्था गरेको छ । पालिकाले ठेक्का व्यवस्थापनमार्फत निर्माण कार्य गराई रहेका निम्न निर्माण व्यवसायीको कार्यसम्पादन जमानतको म्याद समाप्त भएको र निर्माण कार्यसमेत सम्पन्न नभएको हुँदा सम्झौता बमोजिम जमानतको म्याद थप गराई पेश गर्नु पर्ने रू.

| सि.नं | ठेक्का नं | निर्माण व्यवसायी | निर्माण सम्पन्न गर्नु पर्ने अन्तिम मिति | हुनु पर्ने जमानतको म्याद | जमानतको अन्तिम म्याद | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | २०७९/८०-०२ | खिम्दिङ्हाङ निर्माण सेवा एण्ड सप्लायर्स | ०२/१८/२०८१ | ०३/१८/२०८२ | ०२/०८/२०८१ | २४८०९६ |
| २ | २०७७/७८-०७ | मानाभरा निर्माण सेवा | २०८० फाल्गुनमसान्त | १२/३०/२०८१ | ०३/३१/२०८१ | ३३७८००० |
| 3 | २०७८/७९-०८ | तेम्बे निर्माण सेवा | १२/०४/२०८० | ०१/०४/२०८२ | १२/०७/२०८० | २७२६००० |
| **जम्मा** | | | | | | **६३५२०९६** |
| **गत मलेप प्रतिवेशदनमा लगती कायम ठेक्का नं.२०७७/७८-०७ र २०७८/७९-०८ को समावेश रु.** | | | | | | **६१०४०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४८,०९६ |

९५ **पेस्की जोखिममा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार पेस्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेमा तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत लिनु पर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानतको न्यूनतम अवधी सो सम्झौतामा उल्लेख भएको पेस्की फर्स्यौट गर्ने अवधी भन्दा एक महिना बढी अवधिसम्मको म्याद भएको हुनु पर्दछ । पालिकाले कालिखोलाबाट तिम्बुङपोखरी जाने सडक विस्तारको लागि निर्माण व्यवसायी दुर्बीच निर्माण सेवा प्रा.लि.सँग गरेको अनुसार निर्माण कार्यको मोविलाईजेशन पेस्की वापत रू.३,२०,०००।- उपलब्ध गराएकोमा गो.भौ.नं.१९९ मिति २०८१/०३/२४ बाट रू.१,६०,०००।- फर्स्यौट गरी रू.१,६०,०००।- पेस्की बाँकी रहेको अवस्थामा जमानतको म्याद २०२४ जुलाई ४ मा नै समाप्त भैसकेकोमा लेखापरीक्षण अवधीसम्म म्याद थप गरेको प्रमाण पेश भएको छैन । पालिकाले उपलब्ध गराएको फर्स्यौट गर्न बाँकी पेस्की रकमको फर्स्यौट अवधीसम्म खाम्ने गरी म्याद थप भएको प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,००० |

९६ **सङ्घीय सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान**

**गोश्वारा भौचर नं. १७।२०८१।३।२४**

पालिकाले सँघीय सरकारबाट प्राप्त अनुदानबाट खर्च गर्नेगरी ढङढङे झरना पुर्वाधार निर्माण कार्य अन्तरगरत अतिथि गृह, शौचालय र चौतारा निर्माण गर्न रू.३३,०६,०६६।- को लागत अनुमान तयार गरी पालिकाले रू.२३,००,०००।- र बाँकी रू.१०,०६,०६६।- टोल विकास संस्थाले व्यहोर्ने गरी ढङढङे टोल विकास सँस्था, सिदिङ्वा - ५ सँग २०८०।१२।१६ मा २०८१ असार १५ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरी यो वर्ष रू.१५,००,०००।- भुक्तानी दिएको देखियो । उक्त निर्माण सम्बन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

९६.१ विनियोजन ऐन, २०८० को दफा ६ को उपदफा १० मा ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (४) मा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेस्की दिन वा त्यस्तो रकम अन्य कुनै कोषमा जम्मा गर्न नहुने उल्लेख छ । निर्माण कार्य गर्ने ढङढङे टोल विकास संस्था, सिदिङ्वा - ५ ले समयमा निर्माण कार्य सम्पन्न नगरेको अवस्थामा समेत पालिकाले रू.३२,६०,५४२।८८ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी रू.१५,००,०००।- उक्त संस्थाको खातामा रकम निकासा दिएको देखियो । भुक्तानी दिएको भौचर साथ संलग्न फोटो अनुसार टोल विकास संस्थाले निर्माण चरणका कार्यहरू सुरुवात गरी आंशिक कार्य गरेको देखिए पनि निर्माण कार्य सम्पन्न गरेको देखिएन । पालिकाको वडा कार्यालयले समेत सम्पन्न नभएको कार्यलाई सम्झौता अनुसारको सम्पूर्ण कार्य सम्पन्न गरेको जनाई भुक्तानीको लागि सिफारिस गरेको छ । यस सम्बन्धी विषयमा पालिकामा छलफल गर्दा संस्थाले निर्माण कार्य सम्पन्न नगरेकोले उक्त रकम रोक्का राख्न बैंकलाई पत्राचार गरेको जनाएको छ । खर्च नभएको ससर्त अनुदान रकम विनियोजन ऐन, २०८० को दफा ६ को उपदफा १० बमोजिम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेमा कार्य सम्पन्न भएको कागजात तयार गर्ने र सिफारिस गर्नेलाई जिम्मेवार बनाई कार्य भए नभएको सम्बन्धमा पालिकाले छानविन गरी यकिन गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

९६.२ पालिकाले अतिथि गृह, शौचालय र चौतारा निर्माणकार्यको जम्मा रू.३२,६०,५४२।८८ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र सो रकममा संस्थाले गर्ने योगदान रू.९,६०,५४२।८८, कर कट्टी रू.४८,०६५।- कटाई हुन आउने रू.२२,५१,९३५।- मध्ये रू.१५,००,०००।- भुक्तानी दिएको छ । बाँकी रू.७,५१,९३५।- यो वर्षको बजेटमा समावेश समेत गरेको देखिएन ।

### ९७ ठेक्का नं. SRM.TPJ.NCB.ROAD।२०८०।०८१।१

पालिकाले संघीय सरकारबाट प्राप्त समपूरक अनुदानबाट खर्च गर्नेगरी साब्लाखु-लिम्बुदिन-मेहेले-सुरुमखिम हुँदै कञ्चनजङ्गा जाने मोटरबाटो निर्माण गर्न रू.१,५९,९३,३१३।१० को लागत अनुमान तयार गरी न्यून कबोल गर्ने निर्माण व्यवसायी बाईसन।अकिला जेभीसँग २०८०।९।५ मा २०८१।२।२५ सम्म सम्पन्न गर्ने गरी रू.८२,५६,१०८।८३ को सम्झौता गरेको छ । यो वर्ष गोश्वारा भौचर नं. १३।२०८१।३।२१ बाट रू.४३,४४,४१७।- र गाउँपालिका पुँजीगत तर्फको गोश्वारा भौचर नं. १६९।२०८१।३।१२ बाट रू.७,६२,०००।- समेत रू.५१,०६,४१७।- भुक्तानी दिएको देखियो । उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

९७.१ **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा म्याद थप गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायी बाईसन।अकिला जेभीसँग भएको सम्झौताको विशेष शर्त अन्तर्गत जीसीसी ५५मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सडक निर्माण योजनाको निर्माण कार्यको म्याद २०८१।२।२५ मा समाप्त भएकोमा २०८१ भाद्रसम्म निर्माण व्यवसायीले उक्त योजनाको कार्य सम्पन्न गर्न नसकेको कारण सहित म्याद थपको लागि निवेदन दर्ता गराएको तथा उक्त खरिद सम्झौताको म्याद थप गरेको देखिएन । निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र खरिद ऐन तथा नियमावलीको उपर्युक्त व्यवस्था अनुसार म्याद थपको कारवाही गरी पूर्वनिर्धारित क्षतपूर्ति रकम असुल गर्नु पर्दछ ।

९७.२ **भेरिएशन वेगर बढी परिमाण भुक्तानी** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामासमेत भेरिएशनको व्यवस्था रहेको छ । पालिकाले देहायका खरिद सम्झौताको बिल भुक्तानी दिदा देहायका आईटममा भेरिएशन स्वीकृत नगरी देहायअनुसार स्वीकृत परिमाण भन्दा बढी भुक्तानी दिएको रकम नियमित देखिएन रू.

| आईटम नम्वर र कामको विवरण | स्वीकृत परिमाण | भुक्तानी परिमाण | वढि परिमाण | दर | रकम रू |
|---|---|---|---|---|---|
| Roadway excavation in ordinary Rock | ५१७८.५१ | ६२१३.१९ | १०३४.६२ | १०० | १०३४६२ |
| Roadway excavation in Hard Rock | ३१५६.४ | ४०८३.६७ | ९२७.२७ | ७५० | ५९५४५२.५० |
| **जम्मा** | | | | | **६९८९१४.५०** |

| अनियमित भएको | ६,९८,९१५ |
|---|---|

९७.३ **माटो तथा चट्टान वर्गीकरण** - सम्झौतामा सडक खण्डको चेनेज ०+००० - २+९८० सम्मको कार्यक्षेत्र र कामको परिमाणको BOQ तयार गरी ठेक्का वन्दोवस्त गरेको पाईयो । भुक्तानी दिएको बिल साथ संलग्न नापी किताब अनुसार यो वर्ष चेनेज ०+००० - २+०६० सम्म कार्य गराई सडक खन्ने कार्यमा सबै प्रकारको माटो ९८२२.१४ नरम चट्टान ६२१३.१९ र कडा चट्टान ४०८३.६७ समेत २०११९ घन मिटर कटिङको रू.५१,०६,४१७।- खर्च लेखेको देखियो । उक्त क्षेत्रको बाटो निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन पेश हुन नआएको, कटिङको क्रस सेक्सन ड्रईङ नरहेकोले खनेको माटोको परिमाण यकिन गर्न सक्ने अवस्था छैन । खन्दा निस्केको माटो वर्गीकरणको आधार तथा माटो परीक्षण प्रतिवेदन नरहेको, नापी किताबमा एकै चेनेजमा कडा चट्टान, समान्य खालको चट्टान र साधारण माटोको परिमाण चढाएकोले भुक्तानी दिएको चट्टानको परिमाणसमेत विस्वसनीय देखिएन । निर्माण कार्यको परिमाण खुल्ने गरी एल तथा क्रस सेक्सन नक्सा तयार गर्नु पर्दछ ।

९७.४ **प्रोग्राम अपडेट** - कार्यालय र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौताको बोलपत्र सम्बन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू. ५,०००।- रोक्का राखिने उल्लेख छ । सो बमोजिम निर्माण व्यवसायीले असार मसान्त सम्म ५ पटक अद्यावधिक कार्य तालिका पेश गर्नु पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वयन तालिका पेश गरेको देखिएन । सम्झौता अनुसार निर्माण व्यवसायीलाई प्रोग्राम अपडेट पेश गराउनु पर्ने रू.

| प्रमाण पेश नगरेको | ५,००० |
|---|---|

### ९८ फाईल पेस नभएको

पालिकाले संघीय सरकारबाट प्राप्त समपूरक अनुदानबाट खर्च गर्नेगरी साब्लाखु - लिम्बुदिन - मेहेले - सुरुमखिम हुँदै कञ्चनजङ्घा जाने मोटरबाटो चेनेज ०+०००-०+८०० निर्माण गर्न याङतारू निर्माण सेवासँग २०८०।११।१७ मा रू.३८,४७,४२३।१७ को सम्झौता गरी पालिका पुँजीगतको गोश्वारा भौचर २०६।२०८१।३।२४ बाट रू.९,३१,९६४।५० र संघीय समपुरक तर्फको गोश्वारा भौचर नं.१५।२०८१।३।२४ बाट रू.१८,९६,२११।५० समेत रू.२८,२८,१७६।- भुक्तानी दिएको देखियो । उक्त ठेक्काको खरिद प्रकृयाको फाईल लेखापरीक्षणको लागि पेस हुन सकेन । सोही चेनेजमा ठेक्का नं. SRM।TPJ।NCB।ROAD।२०८०।०८१।१ बाट माटो कटिङ कार्य गराई भुक्तानी दिएकोमा यो सम्झौताबाट समेत सोही चेनेजमा माटो कटिङ कार्य गराई २६२३९.८० घनमिटरको रकम भुक्तानी दिएकोले एउटै चेनेजमा दोहोरो भुक्तानी दिएको देखियो । समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को सि. नं. ९ अनुसार फरक ठेक्का रकमबाट बचत भएको रकम पुन अर्को ठेक्कामा खर्च गर्न मिल्ने समेत देखिँदैन । खरिद प्रकृयाको कागजात तथा ठेक्काबाट बचत भएको रकम खर्च गर्न सम्बन्धित निकायबाट प्राप्त स्वीकृति र चेनेज समेत यकिन हुन नसकेकोले उक्त खर्च नियमित देखिएन रू.

| अनियमित भएको | २८,२८,१७६ |
|---|---|

### ९९ ठेक्काको म्याद थप र क्षतिपूर्ति

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१८५,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०० **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१०,७६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०२ **ठेक्का नं. SRM।TPJ।NCB।ROAD।२०७८।०७९।०८**

पालिकाले प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदानबाट खर्च गर्नेगरी कात्तिके÷सालबोटे÷कट्टुवाल डाँडा÷मादिबुङ÷लिम्बुदिन÷मेहेले सडक चेनेज ०+००० देखि ६+२८० निर्माण गर्न रू.१,६५,८४,६५०।- को लागत अनुमान तयार गरी न्यून कबोल गर्ने निर्माण व्यवसायी तेम्बे निर्माण सेवासँग २०७९।३।८ मा २०८०।३।८ सम्म सम्पन्न गर्ने गरी रू.९६,०७,५५२।५१ को सम्झौता गरेको छ । उक्त कार्यको लागि यो वर्ष गोश्वारा भौचर नं. ७८।२०८०।१२।१३ बाट दोस्रो तथा अन्तिम बिल रू.१९,८५,२१७।२२ समेत रू.९५,३८,९९९।६६ भुक्तानी भएको छ । उक्त खरिद सम्बन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

१०२.१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४९३,९१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०२.२ **माटो तथा चट्टान वर्गीकरण** - सम्झौतामा सडक खण्डको चेनेज ०+००० - ६+२८० सम्मको कार्यक्षेत्र र कामको परिमाणको BOQ तयार गरी ठेक्का वन्दोवस्त गरेको पाईयो । भुक्तानी दिएको बिलसाथ संलग्न नापी किताव अनुसार यो वर्ष चेनेज ०+००० - ६+२८० सम्म कार्य गराई सडक खन्ने कार्यमा सबै प्रकारको माटो ५९८०९.६० नरम चट्टान २२७०४.२३ घन मिटर र कडा चट्टान 3192.73 समेत 85706.56 घन मिटर कटिङको रू.95,38,999।64 खर्च लेखेको देखियो । उक्त क्षेत्रको बाटो निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन पेश हुन नआएको, कटिङको क्रस सेक्सन ड्रईङ नरहेकोले खनेको माटोको परिमाण यकिन गर्न सक्ने अवस्था छैन । खन्दा निस्केको माटो वर्गीकरणको आधार तथा माटो परीक्षण प्रतिवेदन नरहेको, नापी कितावमा एकै चेनेजमा कडा चट्टान, सामान्य खालको चट्टान र साधारण माटोको परिमाण चढाएकोले भुक्तानी दिएको चट्टानको परिमाण समेत विश्वसनिय देखिएन । निर्माणकार्यको परिमाण खुल्ने गरी एल तथा क्रस सेक्सन नक्सा तयार गर्नु पर्दछ ।

१०३ **पूर्व तयारी नगरी ठेक्का**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । पालिकाले लागत अनुमान रू.२,०७,०१,९३७।- रहेका तीन स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यालयको भवन निर्माण गर्न रू.१,२०,४१,२५९।- को खरिद सम्झौता गरी रू.२१,६०,०००।- पेस्की समेत दिएको छ । निर्माण कार्यको प्रगति सम्वन्धमा छलफल हुँदा कार्यालयले जग्गा तथा निर्माणस्थलको विवादको कारण तीनवटै भवनको निर्माण कार्य हुन नसकेको जानकारी दिए तापनि निर्माण व्यवसायीले सो सम्बन्धमा जानकारी गराएको छैन । निर्माणस्थलको व्यवस्था नभई ठेक्का व्यवस्थापन गरेको कारण निर्माण कार्य हुन

नसकी सेवा प्रवाहमा असर परेको र पेस्कीको रूपमा प्रदेश सरकारको स्रोत निस्कृय समेत रहेको अवस्था छ। पालिकाले आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गराउन ध्यान दिनु पर्दछ ।

| ठेक्का नम्बर र काम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | सम्झौता रकम | पेस्की रकम |
|---|---|---|---|---|---|---|
| २०८०।८१।०६ | आईसन बिल्डर्स प्रा.लि | ७७९३०७४ | २०८०।१२।१३ | २०८१।११।२ | ४२२६३३० | ७६०००० |
| सादेवा स्वास्थ्य चौकी भवन निर्माण | | | | | | |
| २०८०।८१।५ | नयाँ नेपाल एस बी डी जेभी | ७५७०२८० | २०८०।१२।१३ | २०८१।११।१ | ४५१३०९३ | ८००००० |
| मेहेले हेल्थपोष्ट भवन निर्माण | | | | | | |
| २०८०।८१।५ | रोयल एस बी डी जेभी | ५३३८५८३ | २०८०।१२।१३ | २०८१।११।१ | ३३०१८३६ | ६००००० |
| सुरुङखिम स्वास्थ्य चौकी भवन निर्माण | | | | | | |
| **जम्मा** | | **२०७०१९३७** | | | **१२०४१२५९** | **२१६००००** |

१०४ **संघीय समपुरक अनुदान फिर्ता**

पालिलकालाई यो वर्ष ५०/५० को अनुपातमा खर्च हुनेगरी साव्लाखु-लिम्बुदिन-मेहेले-सुरुमखिम मोटरबाटो स्तरोन्नति योजनाको लागि संघीय समपुरक अनुदान रु.८०,००,०००।- विनियोजन भएकोमा रु.६३,३३,९७०।५० निकासा खर्च भएको छ । कार्यालयले उक्त योजनामा देहाय अनुसार रु.८६,३४,५९३।- खर्च गरेकोले सोको ५० प्रतिशतको हिसावले संघीय समपुरकतर्फ रू.४३,१७,२९६।५०।- मात्र खर्च लेखी रू.१९,२३,३३२।- अनुदान फिर्ता गर्नु पर्नेमा सो फिर्ता गर्न बाँकी देखियो । उक्त रकम संघीय सञ्चितकोष फिर्ता गर्नु पर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,२३,३३२ |

१०५ **सामाजिक सुरक्षातर्फ**

१०५.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरूका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. को कूल र यस आ.व.को चार त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको कायम संख्या यस प्रकार रहेको देखिन्छ:

| लक्षित समूह | आ.व.२०७९।८० मा वितरण संख्या | २०८०/८१ प्रथम त्रैमासिकमा कायम तथा वितरण संख्या | २०८०/८१ दोस्रो त्रैमासिकमा कायम तथा वितरण संख्या | २०८०/८१ तेस्रो त्रैमासिकमा कायम तथा वितरण संख्या | २०८०/८१ को अन्तिम त्रैमासिकमा कायम तथा वितरण संख्या | २०८०/८१ मा जम्मा वितरण भएको संख्या | मासिक भत्ता दर रू. |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ नागरिक | २८५६ | ७०५ | ७०९ | ७१५ | ७३५ | २८६४ | ४००० |
| अन्य ज्येष्ठ नागरिक (दलित) | १८६ | ४६ | ४६ | ४८ | ४९ | १८९ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | ५०० | १०९ | १०८ | १०८ | १०६ | ४३१ | २६६० |
| विधवा | ३७९ | १०५ | १०६ | ११० | ११२ | ४३३ | २६६० |
| पूर्ण अपाङ्गक वर्ग | १३२ | ३६ | ३७ | ३६ | ६९ | १७८ | ३९९० |
| आंशिक अपांग ख वर्ग | २८८ | ७१ | ७१ | ७१ | ३५ | २४८ | २१२८ |
| दलित बालबालिका | २७४ | ५५ | ५७ | ६३ | ६४ | २३९ | ५३२ |
| **जम्मा** | **४६१५** | **११२७** | **११३४** | **११५१** | **११७०** | **४५८२** | |

१०५.२ सामाजिक सुरक्षा ऐनको दफा १९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा ११ मा सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, घटना दर्ता गर्दा लाभग्राही विवरणसमेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने र लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले सो कानुनी व्यवस्थाको पालना गरी लगत कट्टा गरेको देखिएन । यसरी मृत्युमिति पश्चात समेत मृतकको नाम निकासा माग गरी वितरण भएको रकम असुल गरी संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

| लाभग्राहीको नाम | मृत्यु मिति | उमेर | नागरिकता नं. | ठेगाना | किस्ता | पाउने रकम | निकास रकम | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|
| मन माया राई | ०६/०४/२०८० | ७१ | 1841499 | सिदिङ्वा गाउँपालिका वडा नं.३ | पहिलो | ८५३४ | १२००० | ३४६६ |
| | | | | | दोस्रो | ० | १२००० | १२००० |
| **जम्मा** | | | | | | ८५३४ | **२४०००** | १५४६६ |

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४६६ |

१०५.३ **सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् -**

**(क) लगत कट्टाको अभिलेख** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

**(ख) पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

**(ग) नवीकरण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रूपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**(घ) सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

**(ङ) अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(च) निस्कृय खाता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूची १० मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निस्कृय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निस्कृय खाता र सो खाताहरूमा रहेको रकमहरूको विवरण बैंकसँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं २१८-२०८१।०२।१४ मा प्रथम सिदिङ्वा रनिङ शिल्ड अन्तरपालिका भलिबल प्रतियोगिता,२०८० को लागि खेलमैदान, बाटो, गेट, प्यारफिट निर्माणको लागि श्री अम्बर बहादुर लिम्बुलाई रू.२,४३,५००।- भुक्तानी दिएकोमा प्रारम्भिक प्रतिवेदन जारी पश्चात प्रतिक्रियामा रु.२३८१७६ को कार्यसम्पन्न प्रतिवेदन पेश गरेकोले बढी भुक्तानी भएको रु.५३२४ असुल गर्नु पर्ने रु. | ५,३२४ |
| २ | पालिकाले कर कट्टी वापतको रकम असुल गरी आन्तरिक राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गरेको हुँदा सो रकम संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. | १,०२२ |
| ३ | पालिकाले कर कट्टी वापतको रकम असुल गरी आन्तरिक राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गरेको हुँदा सो रकम संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ९,१३५ |
| ४ | गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची १ (क) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था गरेको छ । त्यस्तै अनुसूचीको द्रष्टब्यमा गाउँपालिकामा पदाधिकारीले मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाका पदाधिकारीहरूले अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी लिएको देखिएकोले मासिक अनुगमन प्रतिवेदन संलग्न गरेर मात्र भत्ता भुक्तानी दिनुपर्दछ । | ० |
| ५ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) बमोजिम करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा १८(१ख) मा मूल्य अभिवृद्धि कर विवरण पेश गर्ने र पठाउने कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहे अनुसार निम्नानुसारको फर्मले मासिक र त्रैमासिक रुपमा विवरण पेश गर्नु पर्नेमा सो नगरी यस पालिकासँग आर्थिक वर्ष २०८०/८१ मा कारोवार गरेकोमा हालसम्म पनि कर विवरण पेश नगरेको विद्युतिय पान विवरण हेर्दा देखियो । कानुन बमोजिम बुझाउनु पर्ने कर नबुझाएकोले निम्नानुसारका करदातालाई भुक्तानी दिएको मू.अ.कर समायोजन गरेको देखिँदैन । अत: मू.अ.कर समायोजन गरेको प्रमाण संलग्न गरेर मात्र आगामी भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | ० |

| क्र.सं. | बेरुजुको विवरण | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | गो.भौ.नं.-मिति | करदाता | प्यान नं. | ननफाइलर मिति | वीजक नं.-मिति | १३ प्रतिशत मु०अ० कर | भुक्तानी ( ७०% मु०अ० कर) | |
| | गाउँपालिका पुँजीगत | | | | | | | |
| | ८-२०८०/०६/२९ | पिटर विल्डर्स | 615312303 | Non-filer since 2080/T/1 | ०१-२०८०/०६/२५ | १०९३३३.२ | ७६५३३.२४ | |
| | ५६-२०८०/१२/०१ | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | 603570698 | Non-filer since 2080/T/2 | ०३-२०८०/११/२९ | ५४८५२.४२ | ३८३९६.६९ | |
| | ६७-२०८०/१२/१० | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | 603570698 | Non-filer since 2080/T/2 | ०४-२०८०/१२/०७ | ५५५५५. | ३८८८८.५ | |
| | १९७-२०८१/०३/२४ | अकिला कन्स्ट्रक्सन प्रा.लि. | 610107214 | Non-filer since 2080/T/2 | ००२-२०८१/३/२० | ८२६६०. | ५७८६२. | |
| | २१३-२०८१/०३/२४ | सिदिङ्वा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | 603570698 | Non-filer since 2080/T/2 | १७-२०८१/०३/२१ | ३६२२९. | २५३६०.३ | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ , सिदिङ्वा गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रुद्र प्रसाद बेघा | २०७८-९-२५ | २०८१-२-१५ |
| कार्यालय प्रमुख | विकास वि.के. | २०८१-२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरेन्द्र कट्टुवाल | २०७९-३-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५३४,१७१.३२ | १०,२६४,४१९ | १९,०७६,५०४.०५ | ० | ० | १७५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३१,०५०,०९४.३७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८,३१७,३८३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १५,४८१ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,७४८,१९२.३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७२४८९९८६.८५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५४६६४७२४.२ | चालु खर्च | २५६५९०३६८.९५ |
| प्रदेश सरकारबाट अनुदान | १४६१०५५१.३८ | पूँजीगत खर्च | १११४६३५७९.६९ |
| राजश्व बाँडफाँट | ६४३२६६१५.६२ | वित्तीय/अन्य व्यवस्था | ५४२०२३४९.५ |
| आन्तरिक आय | ३०६७८६०.१८ | | |
| अन्य आय | ५७५९७११५.६२ | | |
| कुल आय | ३९४२६६८६७ | कुल खर्च | ४२२२५६२९८.१४ |
| बाँकी मौज्दात | | ४४५००५५५.७१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिक गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।